# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाले सदैव समाज र राष्ट्रलाई सही मार्ग निर्देशन गर्ने गर्दछ। शिक्षाबिना समाज र राष्ट्रको वृहत्तर हितको कल्पना गर्न सकिँदैन। शिक्षाले राष्ट्रको सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक रूपान्तरणमा अहं भूमिका खेल्ने गर्दछ। शिक्षाले मानिसमा ज्ञान र सीपका साथै एक उत्पादनशील नागरिक भई बाँच्न सक्ने क्षमताको विकास गर्नु पर्दछ। प्रत्येक व्यक्तिलाई आफ्नो राष्ट्र, समाज, इतिहास र संस्कृतिप्रति गर्व गर्ने संस्कार प्रवाह गर्न सक्नु पर्दछ।

हाल राष्ट्रिय विकासको सशक्त माध्यमको रूपमा ज्ञान, विज्ञान र प्रविधिको विस्तार र विकासका साथै गरिबी निवारणको मेरुदण्डको रूपमा समेत शिक्षालाई अंगीकार गरिएको देखिन्छ तर यो अवस्थामा पुग्न शिक्षाले धेरै आरोह अवरोह पार गरिसकेको पाइन्छ। संकीर्ण अवधारणा हुँदै हाल व्यापक अवधारणा अन्तर्गत शिक्षालाई लिइन्छ। व्यापक अवधारणा अन्तर्गत "शिक्षा दान होइन शिक्षा अधिकार हो" भनी मानिन्छ। शिक्षा सीमित व्यक्ति वा परिवारको दायराभित्रको विषय होइन, सबैको अधिकारको विषय हो र राज्यको दायित्व यसको परिपूर्ति गर्ने हो। शिक्षाको एउटै मात्र निश्चित प्रणाली वा प्रक्रिया अथवा विधि हुँदैन। शिक्षा ग्रहण गर्ने सरोकारवालाहरू र लक्षित समूहको आकांक्षा, चाहना र आवश्यकता अनुसार शैक्षिक प्रणालीमा विविधता हुन्छ भन्ने धारणा शिक्षाको व्यापक अवधारणा हो। यसमा शिक्षाको उद्देश्य व्यक्तिको सर्वोत्तमुखी विकास गराउनु रहेको पाइन्छ (काफ्ले, विष्ट, सिन्हा र श्रेष्ठ, २०६०)।

वर्तमान परिप्रेक्ष्यमा जनताको आकांक्षा तथा राज्यको आवश्यकता आन्तरिक विकासको रहेको छ। यस उद्देश्य प्राप्तिको लागि शिक्षामा लैङ्गिक समानता अति महत्वपूर्ण छ। शिक्षामा लैङ्गिक समानता नभएमा पूर्ण आन्तरिक विकास असम्भव रहने गर्दछ।

(UNESCO, 2003) को भनाईलाई उल्लेख गर्दै (सिन्हा २०६३) ले लैङ्गिक सन्तुलन भनेको सङ्ख्यात्मक सोच हो। उनी अगाडि भन्दछन् शिक्षामा लैङ्गिक सन्तुलनले उही उमेर समूहका बालबालिका उत्तिकै अनुपातमा शिक्षामा प्रवेश गरुन् र उनीहरूले प्राथमिक र माध्यमिक तह पूरा गरुन् भन्ने बुझाउँछ। लैङ्गिक सन्तुलनका प्रत्येक सूचाङ्कहरूमा

बालक र बालिकाको अनुपात हेरिन्छ। एक बालिका एक बालक रहेको अवस्थालाई पूर्ण लैङ्गिक सन्तुलन भनिन्छ। उल्लेखित भनाईलाई विश्लेषण गर्दा नेपालमा विद्यालयदेखि विश्वविद्यालय तथा अन्य सरकारी सुविधा प्राप्त सेवाहरूमा लैङ्गिक असन्तुलन भेटिन्छ तर वर्तमान अवस्थामा भने सामुदायिक विद्यालयका शैक्षिक लैङ्गिक समानतालाई हेर्दा बालकको सङ्ख्याभन्दा बालिकाको सङ्ख्या बढी देखिन्छ।

शिक्षा विभागबाट प्रकाशित २०६३ सालको तथ्याङ्क अनुसार पुरुषको जनसङ्ख्या ४९.९६% छ भने महिलाको जनसङ्ख्या ५०.०४% छ। यसरी हेर्दा जनसङ्ख्याका रूपमा महिला सङ्ख्या बढी छ तर १५ वर्षमाथिको जनसङ्ख्यामा पुरुष ६२.२% र महिला ३४.५% साक्षर छन्। निजामती सेवामा पुरुष ९१.४५% र महिला ८.५५%, शिक्षक सेवामा पुरुष ७४% र महिला २६% र सञ्चार सेवामा पुरुष ८८% र महिला १२% मात्र सहभागी छन्। यी तथ्याङ्कले नेपालमा लैङ्गिक सन्तुलनको अभावले लैङ्गिक विकासमा महिला पछाडि परेका छन्। नेपालमा रहेका नि.मा.वि. तहका कुल विद्यार्थी सङ्ख्या १३०११३४ मध्य केटि ६०६५९४ अर्थात् ४६.६ % र मा.वि. तहका कुल ६७९३८७ विद्यार्थी मध्य कोटिको सङ्ख्या ३१३२१६ अर्थात् ४६% रहेको छ (सुवेदी, २०६७)।

बालअधिकार घोषणा-पत्र १९८९ अनुसार स्वास्थ्य, सुरक्षा, माया, स्नेह, सम्मानजस्ता पक्षहरूबाट बालबालिकाहरू वञ्चित रहनु हुँदैन। स्वतन्त्रता, विचारको सम्मान, पहिचान, सहभागिता आदिको माध्यमबाट बालबालिकाको पूर्वविकास गरिनुपर्छ।

“शिक्षा मानिसको सिर्जनाको मूल हो” भन्ने शाश्वत सत्यलाई मनन गरी संयुक्त राष्ट्रसंघले सन १९४८ को सेप्टेम्बर महिनामा सर्वसम्मतिबाट पारित विश्वव्यापी घोषणापत्रको दफा २६ मा “प्रत्येक मानिसलाई शिक्षा पाउने अधिकार छ” भनी पारित गरेको थियो। शिक्षालाई मानव अधिकारकै एक अंगको रूपमा परिभाषित गरिएको छ। वास्तवमा यही नै शिक्षासम्बन्धी ऐतिहासिक मानव अधिकार आन्दोलनको स्वर्णिम कदम हो। शिक्षाको मानव अधिकार आन्दोलनमा लिङ्गीय समानता पनि महत्वपूर्ण पक्षको रूपमा रहेको छ। मानव अधिकारको घोषणापत्रको धारा २ मा जात, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीति, विचार आदिका आधारमा कुनै पनि नागरिकलाई अधिकार प्राप्तिमा विभेद नगरिने कुरा उल्लेख गरिएको छ। यस संयुक्त राष्ट्र संघको घोषणाले लिङ्गीय समानतामा विशेष जोड दिएको कुरा प्रष्ट हुन्छ। संयुक्त राष्ट्र संघको घोषणा जारी पश्चात् विभिन्न राष्ट्रहरूले आफ्नो देशको संविधान तथा कानुनमा महिला र पुरुषबीचको भेदभावलाई अन्त्य गर्ने

खालका ऐन नियम निर्माण गर्न थाले। त्यस्तै महिलामाथिको अन्याय, अत्याचार र थिचोमिचोलाई प्रतिवन्ध लगाई महिलाप्रति समान व्यवहार गर्ने खालका सामाजिक क्रियाकलाप गर्न दिशा निर्देशले लिङ्गीय समानताको प्रत्याभूति गर्न चाहेको हो भन्ने बुझिन्छ।

शिक्षामा लैङ्गिक समानता भन्नाले बालक तथा बालिकालाई बिना भेदभाव शिक्षामा समान अवसर, विद्यालय पसिसकेपछि विद्यालय परिसर एवम् कक्षाकोठाभित्र शिक्षकबाट समान व्यवहार, गुणस्तरीय शिक्षामा समान सहभागिता, समान शैक्षिक परिणाम जस्ता पक्षहरू पर्छन् (लैङ्गिक विकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना, २०७२)। प्रस्तुत सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानताको स्थिति शीर्षक रहेको छ। वर्तमान अवस्थामा शैक्षिक क्षेत्रमा लैङ्गिक भेदभाव भएको छ वा छैन भन्ने कुराको खोजी यस शोधपत्रले गरेको छ।

## १.२ समस्याको कथन

सबैका लागि शिक्षा थाइल्याण्डको जोम्टेन सम्मेलन १९९० र त्यसको उपलब्धिको पुनरावलोकन गर्न सन् २००० मा सेनेगेलको डकारमा सम्पन्न भएको सबैका लागि शिक्षाको विश्व शिक्षा मञ्चमा प्रतिवद्धता जनाए अनुसार नेपाल सरकारले सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना तयार गरिसकेको छ। नेपाल सरकार सन् २०१५ सम्ममा सबै बालबालिकाहरू खास गरी बालिका, कठिन परिस्थिति तथा अल्पसङ्ख्यक स-साना समूहमा रहेका विभिन्न जनजातिका समूहका बालबालिकालाई शिक्षामा समान अवसर दिई गुणस्तरीय, पूर्ण निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्न प्रतिबद्ध रहेको थियो (सबैका लागि शिक्षा २००९, फर्मेटिभ अनुसन्धान परियोजना) तर लक्षित कार्यक्रम अनुरूप राष्ट्रले अपेक्षाकृत सफलता प्राप्त गर्न सकिरहेको छैन। जसमा प्रमुख कारणहरूमध्ये सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक समानताको स्थिति पनि प्रमुख कारण तत्वको रूपमा रहेको छ किनभने वर्तमान परिप्रेक्ष्यमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, साँस्कृतिक आदि कारणले गर्दा विद्यालयमा लैङ्गिक असमानताको स्थिति सिर्जना हुने गरेको देखिन्छ तर वर्तमान अवस्थामा बालिकाहरूलाई अनिवार्य शिक्षा पाउन भन्ने उद्देश्यले नेपाल सरकारले छात्रवृत्तिको व्यवस्था गरेको छ।

समाजमा धेरैजसो कमीकमजोरी शिक्षाको माध्यमबाट निर्मूल पार्न सकिन्छ भन्ने विश्वास गरिन्छ र लैङ्गिक समविकासको सवालमा भने शिक्षाले नै वाधा सिर्जना गर्ने गरेको छ। विद्यालयमा छात्रछात्राप्रति गरिने फरक व्यवहार, कक्षामा हुने असमान सहभागिता, असमान अन्तरक्रिया, विद्यालयमा खेलिने खेलका सामग्रीमा असमानता, छात्रछात्राको ड्रेसमा फरक आदि विद्यालयमा गरिने व्यवहारका साथै पाठ्यक्रम र पाठ्यपुस्तकमा राखिएका चित्रहरू र विषयवस्तुले पनि हाम्रो समाजमा परम्परादेखि महिला र पुरुषले गर्ने भनी छुट्याइएको कामलाई वढावा दिँदै छात्राले यो गर्ने र छात्रले यो गर्ने भनेर सन्देश दिइरहेका पाइन्छ। यसबाट छात्राको आत्मविश्वासमा कमी आउने र छात्रा स्वयंले आफैँलाई क्षमताहीन सम्झने किसिमका बानीको विकास हुन्छ। यस्ता विषयवस्तु र विद्यालयमा गरिने क्रियाकालापहरू प्रशस्त छन् जसले लैङ्गिक समविकासलाई टेवा दिनुको सट्टा छात्रछात्राको असमान विकासतिर डोऱ्याउने काममा मद्दत गरेको देखिन्छ (अर्याल, २०६३)। तर वर्तमान अवस्थालाई हेर्दा बाल कक्षादेखि नै बालिकाको उपस्थिति अत्यधिक देखिन्छ।

Hamilton (1990) भन्छन् "The life of school does not take palace in a social vacuum." समाजले नै स्कुलको स्थापना गर्छ र त्यस स्कुलमा समाजका मूल्य, मान्यता प्रभावशाली रूपमा रहेका हुन्छन्। समाजका परम्पराबिना विद्यालयको अस्तित्व हुँदैन। त्यसैले समाजमा महिलाको हैसियत कस्तो छ त्यही अनुसार विद्यालयमा पनि छात्राप्रति शिक्षकबाट व्यवहार भएको पाइन्छ (अर्याल, २०६३)।

(पौडेल, २०६७) का अनुसार मुलुकमा लैङ्गिक समतासँग सम्बन्धित विविध समस्याहरू विद्यमान छन्। सामाजिक मूल्य मान्यताका आधारमा सिर्जित अलग अलग व्यवहारका कारण नेपाली समाजमा लैङ्गिक विभेदको स्थिति विद्यमान छ। पितृसतात्मक/पुरुषप्रधान मूल्य, मान्यता प्रमुख सामाजिक समस्याका रूपमा रहेको छन्। जसले गर्दा विद्यालयमा पनि छात्रभन्दा छात्रामाथि पक्षपातपूर्ण व्यवहार गरिएको पाइन्छ। त्यसैगरी अझै पनि ३१% जनता गरिबीको रेखामुनि छन्। गरिब परिवारको प्रमुख आवश्यकता दैनिक गुजारा चलाउनु नै हो। यसप्रकारको अवस्थामा परिवारका सबै सदस्यहरू गाँसवासका लागि काममा जानुपर्ने हुन्छ। त्यसमा पनि छात्रालाई घरायसी जिम्मेवारीमा बढी संलग्न गराइने, घरबाट छोरालाई मात्रै पढ्न पठाउने प्रचलन यस्तो परिवारमा निरन्तरता पाउने गरेको छ। शिक्षा पद्धति स्वयम् पनि महिला शिक्षा विकासमा

सफल नहुनु, लक्षित कार्यक्रमको सीमितता हुनु, गरिबी, लक्षित छात्रवृत्ति लक्षित वर्गमा नपुग्नु । सबै विद्यालयमा महिला शिक्षकको अनिवार्य व्यवस्था गर्ने नीति प्रभावकारी कार्यान्वयन नहुनु, लैङ्गिक मैत्री शैक्षिक सामग्रीको अभाव हुनु आदि समस्या छन् । अझै पनि नेपालमा प्रचलित कतिपय ऐन, कानुन नीति निर्देशिका आदिमा लैङ्गिक समानता अभिवृद्धि गर्ने पक्षबाट अस्पष्टता, दोहोरोपना जस्ता पक्षहरू विद्यमान छन् । हाम्रा संस्थागत संरचना लैङ्गिक पक्ष सम्बोधन गर्ने, लैङ्गिक समानता प्रदर्शन गर्ने सुनिश्चित प्रवर्धन हुन सकेको छैन् । Gender focal point को व्यवस्था छ तर काम कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था भएको पाइँदैन (पौडेल, २०६७) ।

वर्तमान परिप्रेक्ष्यमा पुरुष र महिलाको शैक्षिक अवस्था बराबरी जस्तो देखिए पनि समाजमा देखिएका महिला हिंसा, बलात्कार, महिलामाथि हुने दुर्व्यवहारले गर्दा रोजगारीका लागि महिलालाई घरबाट बाहिर पठाउने अवस्था अत्यन्त जटिल देखिन्छ ।

## १.३ अध्ययनको औचित्य

आजको वर्तमान प्रतिस्पर्धात्मक युगमा लैङ्गिक समानता महत्वपूर्ण मुद्दाको रूपमा उठ्न गएको छ । आज नारी र पुरुष समान अस्तित्वको खोजीमा रहेको अवस्थामा लैङ्गिक समानताको सवालमा थुप्रै अध्ययन अनुसन्धान भइरहेका छन् । वास्तवमा आजको विश्वव्यापीकरणको युगमा लैङ्गिक समानता अत्यावश्यक रहेको छ ।

नेपालजस्तो विकाशसील राष्ट्रको लागि त लैङ्गिक समानतासम्बन्धी अध्ययन अनुसन्धानको आवश्यकता महत्वपूर्ण देखिन्छ । झन शिक्षाजस्तो संवेदनशील क्षेत्रमा लैङ्गिक समानताको स्थिति के-कस्तो रहेको छ सो को अध्ययन गर्नु अत्यावश्यक छ । शिक्षामा रहेको  लैङ्गिक समानताको स्थितिले नै सम्पूर्ण देशको सम्पूर्ण क्षेत्रको लैङ्गिक समानताको स्थिति झल्काउँछ । सबैका लागि शिक्षाका ६ ओटा लक्ष्यहरूमध्ये एउटा मूल लक्ष्य लैङ्गिक समानता रहेको छ । जसमा सन् २००५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाई सन् २०१५ सम्ममा गुणस्तरयुक्त आधारभूत शिक्षामा उच्च उपलब्धिप्रति बालिकाको पूर्ण र समान पहुँच सुनिश्चित गर्ने भनिए तापनि विद्यालयमा बालकको भन्दा बालिकाको उपस्थिति बढी देखिए पनि देशमा भइरहेको महिला हिंसा, बलात्कार जस्ता जटिल समस्याले यो शिक्षा महिलाका लागि खासै उपलब्धिमूलक

बन्न सकेको छैन । देशमा शान्ति सुरक्षाको अभाव, बेरोजगार मानिसहरूको बृद्धिले गर्दा यस्ता समस्या आइरहेका छन् ।

नेपाल सरकारले लैङ्गिक समानताको लागि विद्यालय तहमा विभिन्न कार्यक्रमहरू, नीति, नियम र योजनाहरू निर्माण र तर्जुमा गरेको छ, जस्तैः महिला शिक्षकहरूको नियुक्ति, बालिकाहरूका लागि छात्रवृत्ति तथा उत्प्रेरक कार्यक्रमहरू, विद्यालय स्वागत कार्यक्रम, विभिन्न चेतनामूलक कार्यक्रमहरू आदि तर पनि विद्यालय शिक्षामा अझै पनि लैङ्गिक असमानता पाइन्छ । यस प्रकारको लैङ्गिक विभेदका कारणहरू पत्ता लगाउन र सोको निराकरणको उपायहरू खोज्नको लागि यो अध्ययन सहयोगी हुनेछ ।

विद्यालयमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले छात्र र छात्राबीच हुने भेदभावले दीर्घकालीन रूपमा गम्भीर समस्या उत्पन्न हुन सक्छ । यसर्थ विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानताको स्थितिको अध्ययन अनुसन्धान गर्न अति आवश्यक छ । हालसम्म यो विषयमा ज्यादै कम मात्र अध्ययन भएकाले यही विषय छानेर अध्ययन गर्ने जमर्को गरेको छु । नीति निर्माता, योजनाकार, प्रशासक, राजनीतिज्ञहरूलाई शिक्षामा बालिका सहभागिताको यथार्थ जानकारी गराई भविष्यमा अपनाउनुपर्ने कार्यनीति र रणनीतिका सम्बन्धमा सुझाव दिन यो अध्ययन सहयोगी हुनेछ ।

वास्तवमा विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक समानताको अवस्थाले पनि बालबालिकामा सकारात्मक र नकारात्मक प्रभाव पर्ने हुन्छ । विद्यालयको वातावरण लैङ्गिक मैत्री हुन आवश्यक छ । तव मात्र प्रत्येक बालबालिका स्वच्छ शैक्षिक वातावरणमा दबाबरहित आफ्नो अन्तरनीहित क्षमता प्रतिभाको पूर्णता प्रयोग गर्दै शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुन्छन् ।

निश्चय नै यो शोध शीर्षकले वर्तमान परिप्रेक्ष्यमा विद्यालयमा लैङ्गिक समानताको स्थिति के कस्तो छ ? मूख्यतः प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक समानताले के कस्तो प्रभाव पारेको छ ? विद्यालयमा प्रभावकारी र गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापको अभिवृद्धि गर्न विद्यार्थीहरूमा लैंङ्गिक समानताको स्थिति सृजना गर्न के कस्ता प्रयास गरिएका छन् ? विद्यालयमा प्र.अ., व्यवस्थापन समिति, शिक्षक, विद्यालय प्रशासन, अभिभावक, विद्यार्थी एवम् विद्यालय शिक्षा प्रणालीसँग सम्बद्ध अन्य सरोकारवाला पक्षहरूसँग छलफल गरी शिक्षण सिकाइमा लैङ्गिक

समानताको स्थिति के कस्तो छ ? विद्यालयमा लैङ्गिक समानता कायम गर्न के कस्ता समस्याहरू रहेका छन् ? के कस्ता कार्यक्रमहरू अपनाउँदा विद्यालयमा लैङ्गिक समानता कायम गराउन सकिन्छ ? भन्ने सम्बन्धमा चासो राख्ने जो कोहीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । शिक्षक, विद्यार्थी, अभिभावक लगायत अन्य सरोकारवालाहरू र भविष्यमा यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्न सम्बन्धित सरोकारवालाहरूलाई वस्तुस्थितिको जानकारी गराउन पनि यो अध्ययन सहायक सिद्ध हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस शोधपत्रका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क) आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूको लैङ्गिक समानताको स्थिति पहिचान गर्नु ।

ख) विद्यालयमा लैङ्गिक समानता कायम गर्न देखिएका समस्याहरूको समाधान गर्नु ।

ग) विद्यालयमा लैङ्गिक समानता कायम गर्ने उपायहरू प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस शोधपत्रको उद्देश्यहरू पूरा गर्नको लागि निम्नानुसार अनुसन्धानात्मक प्रश्नहरू निर्माण गरिएका छन् :

क) विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूबीच लैङ्गिक समानताको अवस्था के कस्तो छ ?

ख) लैङ्गिक समानता कायम गर्नका लागि के ग

र्नु पर्ला ?

ग) विद्यालयमा लैङ्गिक समानता कायम गर्न के कस्तो समस्या रहेका छन् ?

घ) लैङ्गिक समानतामा देखिएका समस्याका समाधानका उपायहरू के के हुन् ?

ङ) सम्बन्धित निकायहरूबाट विद्यालयमा लैङ्गिक समानता कायम गर्न के कस्तो सहयोग प्रदान गरिएको छ ?

छ) लैङ्गिक समानताकामा कमी ल्याउन के गर्नु पर्ला ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको परिसीमामा सीमित स्रोत, साधन, समय, परिस्थिति र आर्थिक कारणले गर्दा यो अध्ययन निम्न क्षेत्रमा सीमित रहेको छ :

क) यस शोध अध्ययनको लागि नमूना छनोट गर्दा झापा जिल्ला अन्तर्गत दुर्गापुर स्रोतकेन्द्र अन्तर्गत हिमाली आधारभूत, अनारमनि स्रोत वीर अमरसिंह मा. वि. र शनिश्चरे स्रोतकेन्द्र भानु मा.वि. गरी जम्मा ३ वटा सामुदायिक विद्यालयलाई लिइएको छ ।

ख) यस अध्ययन छनौंट भएका प्रत्येक विद्यालयका उक्त तहमा अध्यापन गर्ने शिक्षकहरू र प्र.अ.हरूसँग अन्तरवार्ता, प्रश्नावली मार्फत आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यसै गरी अभिभावक, विद्यार्थीहरू, वि.व्य.स.का. पदाधिकारीहरू, अभिभावक साथै सम्बन्धित सरोकारवाला निकायहरूसँग पनि अनुसन्धान प्रश्न केन्द्रित गरिएको छ ।

# अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

"लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच समान अवस्थामा रही मानव अधिकार बारे समान रूपमा सजग रही आर्थिक, सांस्कृतिक र राजनैतिक विकासबाट लाभान्वित हुन् भन्ने बुझिन्छ। त्यस्तै लैङ्गिक समानता भनेको महिला र पुरुष समान रूपले समानता र भिन्नताभित्र रही उनीहरूद्वारा गरिने विभिन्न भूमिकालाई राज्यद्वारा समान सम्मान दिनु हो। यो कुरा महिला र पुरुष दुवै आफ्नो घर, समुदाय र समाजको पूर्ण साझेदार सदस्य हुन् भन्ने यथार्थतामा आधारित छ। "लैङ्गिक समता" भनेको महिला र पुरुषबीच गरिने समान व्यवहार र प्रक्रिया हो। प्रायः जसो आवश्यक ठाउँमा समान व्यवहार सुनिश्चित गर्न प्रावधानहरू मिलाउनुपर्ने हुन्छ। यसो गर्नु भनेको पुरुषको तुलनामा ऐतिहासिक रूपमा असमान कारणहरूद्वारा पिछडिएका र रोक लगाइएका महिलाहरूलाई क्षतिपूर्ति गर्न समानता र समतामुखी प्रावधानहरू तय गरिनुपर्छ। समानता भनेको माध्यम हो। समानता र समतामुखी उपलब्धि भनेको नतिजा हो (सिन्हा, २०६३ )।

लैङ्गिक समता महिला र पुरुषबीच गरिने एक प्रक्रिया हो। महिला र पुरुषलाई न्याय सुनिश्चित गर्नका लागि उनीहरूलाई समान तहमा रहन अनुरोध गर्ने ऐतिहासिक तथा सामाजिक तत्वहरूलाई हटाउने उपायहरू उपलब्ध हुनुपर्छ (कोइराला र श्रेष्ठ, २०६६)।

सि डगलस लुमिस (१९९७) का अनुसार समनताले न्याय तथा न्यायपूर्ण व्यवहारलाई जनाउँछ भने समानताले उस्तै समान गुण भएका कुरालाई जनाउँछ। समानताले न्यायिक रूपमा मानिसहरूलाई कसरी व्यवहार गर्नुपर्दछ भन्ने सार सरोकार राख्दछ। यसले मानिस मानिसबीचको सम्बन्ध जनाउँछ।

शिक्षा नीतिको निर्माण सामन्यीकरणको आधारमा गर्दा कहिले पनि पछाडि पारिएका समूहलाई सम्बोधन गर्न सकिँदैन। नेपालको शिक्षानीतिको यही बैगुनका कारण ती समूहका सदस्यलाई सशक्तिकरण गरी राष्ट्रिय विकासको मूलधारमा ल्याउने काम कठिन हुन पुगेको छ। नेपाल जीवनस्तर सर्वेक्षण २००४ ले पत्ता लगाएअनुसार गरिब परिवारबाट ५-९ वर्ष उमेर समूहका केवल ५१ प्रतिशत बालबालिका विद्यालय भर्ना भएका छन् जसमध्ये बालिकाहरूको सङ्ख्या ४२ प्रतिशतमात्र छ। यस्तो अवस्थामा शिक्षा विभागले सामान्यीकरण गरी ९६ प्रतिशत बालबालिका विद्यालय भर्ना भइसके भन्नु र सहस्राब्दी

विकास लक्ष्यको प्रगति प्रतिवेदन २०६७ ले प्राथमिक तहको खुद भर्नादर ९३.७ प्रतिशत पुग्यो भन्नुको कुनै अर्थ छैन । जबसम्म यस्ता अति विपन्न वर्गका लागि लक्षित गरेर शिक्षाका नीति तथा कार्यक्रमहरू निर्माण गरिँदैनन् तबसम्म सरकारी तथ्याङ्क सधैं लङ्गडो साबित हुन्छ (वाग्ले, २०६७) ।

(The world Bank, 2008) अनुसार कुनै पनि राष्ट्रको विकासका सम्भावनाहरू त्यस देशका जनताको गुणस्तरीयता, कामदारहरूको सीप तथा सिर्जनशीलता र त्यहाँका नेताहरूमा स्रोतहरूको व्यवस्थापन तथा शासन सक्षमतामा निर्भर गर्छ । साथै त्यस देशको युवा पुस्ताको क्षमतामा पनि निर्भर गर्छ जसले स्वास्थ्य र शिक्षित बालबालिकाहरूको विकास गर्छ । यो गुणस्तरका लागि शिक्षा एउटा उत्तम लगानी हो । शिक्षा दीर्घकालीन विकास, गरीवी तथा असमानता घटाउने सशक्त माध्यम हो (सिन्हा, २०६७) ।

(Sen, 2006) का अनुसार शिक्षाले व्यक्तिको जीवनमा परिवर्तन ल्याउने सामर्थ्य राख्दछ । यसले व्यक्तिको छनोट गर्ने क्षमता र काम गर्ने क्षमता बढाउने गर्छ, व्यक्त गर्ने क्षमता बढाउने गर्छ । सामाजिक र राजनैतिक वातावरणमा सहभागी हुन सक्षम बनाउने गर्छ । समाजमा सामाजिक, सांस्कृतिक र आर्थिक कारणबाट पछाडि परेका समूहहरूका लागि मुक्ति दिलाउने माध्यम शिक्षा नै हो (लम्साल, २०६७ ) ।

(The world Bank, 2008) अनुसार बालिका शिक्षा भनेको “अवसरको समानता” लाई प्रस्तुत गर्ने सरकारको प्रतिबद्धताको एउटा प्रत्यक्ष प्रदर्शन हो जबकि पारिवारिक, आर्थिक अवस्था, सुरक्षाको कमी यहाँसम्म कि विद्यालयमा अन्य सुविधाहरू लगायत समुचित शौचालयको व्यवस्थाको कमी पनि बालिका शिक्षाको अवरोधका रूपमा रहेको छ (सिन्हा, २०६७) ।

(Herz & SPerling, 2004) का अनुसार दक्षिण एसियाका धेरैजसो मुलुकहरूमा बालबालिकाहरू विद्यालय भवनबिना खुल्ला ठाउँमा पढ्दछन् तथा पाठ्यपुस्तक पनि दुई तीनजना मिलेर प्रयोग गर्छन् । दुर्गम पहाडी ठाउँ तथा ग्रामीण क्षेत्रमा भर्ना दर पातलो हुन्छ । बालकको घरको नजिकमा प्राथमिक विद्यालय, योग्य तथा तालिम प्राप्त शिक्षकको उपलब्धता, पर्याप्त मात्रामा पाठ्यपुस्तक र शैक्षिक सामग्री हुनु बालबालिकाहरू तथा परिवारको आवश्यकतालाई सम्बोधन गरेको हुन्छ र अभिभावक एवं समुदायलाई बढी सहज महसुस हुन्छ (सिन्हा, २०६३) ।

(Herz & SPerling, 2004) का अनुसार शिक्षाको अवसरको विस्तार तथा बहनकारी बनाउँदैमा बालिकाहरू विद्यालय आउँदैनन् । त्यसका लागि विद्यमान विद्यालय प्रणालीलाई बालिका मैत्री बनाउनुपर्ने हुन्छ । सबै बालिकाहरूलाई पढाउनलाई समुदाय परिचालन गर्नुपर्छ । महिला शिक्षकहरूको सङ्ख्यामा अभिवृद्धि गर्नुपर्छ । पाठ्यक्रम, पाठ्यसामग्री तथा शैक्षिक सामग्रीहरूलाई बालिक मैत्री बनाउनुपर्छ । खास गरी कठोर पहुँच समूहभित्रका बालिकाहरूलाई विद्यालय समयबाहिर अतिरिक्त समय र सुविधाको व्यवस्था हुनपर्छ । लचिलो सिकाइ व्यवस्था एवम् अनौपचारिक शिक्षाले बालिका शिक्षालाई न्यून लागत वा लागत प्रभावकारी त्यस्तै छुट्टै चर्पीदेखि लिएर अन्य भौतिक सुविधाहरू पनि बालिका सुहाउँदो हुनुपर्छ (सिन्हा, २०६३) ।

शिक्षामा लैङ्गिक समानता निम्ति नीति भए तापनि कार्यान्वय पक्ष भने कमजोर नै देखिन्छ । हुन त सरकारी तथा गैरसरकारी संस्थाहरूले समाजमा लैङ्गिक समानता वा समदृष्टि राख्ने प्रकारको कार्यक्रमहरू सञ्चालन नगरेका होइनन् तर यी कार्यक्रमहरूले अपेक्षित परिणाम दिन सकेका छैनन् । समाजमा लैङ्गिक समानता र समदृष्टि ल्याउनु महत्वपूर्ण छ । यसको सुरुवात शिक्षाबाट गर्न सकिन्छ । नागरिकका निम्ति शिक्षाको व्यवस्था गर्नु र शिक्षामा सुधार ल्याउनु सरकारको प्राथमिकताको विषय हुन आउँछ अर्थात् शिक्षामा लैङ्गिक समानता ल्याए मात्र समाज लैङ्गिक समानता र समदृष्टिप्रति चेतनशील बन्न सक्छ । यसकारण शिक्षा नीतिमा लैङ्गिक विषयलाई ध्यान दिई यसको उल्लेख गर्नु अन्यन्तै महत्वपूर्ण छ (सुब्बा शर्मा, २०६३) ।

(आचार्य, २०६०) का अनुसार एक्काइसौँ शताब्दीको सङ्हारमा आइपुग्दा पनि संसारका विकसितदेखि अविकसित मुलुकहरूमा लैङ्गिक विभेदहरू केही घटी र केही बढी मात्रामा विद्यमान छन् । केही विकसित मुलुकहरू खासगरी स्वीडेन लगायत अन्य विकसित मुलुकहरूमा विभेदको मात्रा निकै कम छ भने संयुक्त राज्य अमेरिका लगायत केही विकसित मुलुकहरूमा सो मात्रा बढी छ । तर सबै अविकसीत मुलुकहरूमा र अझ खास गरेर दक्षिण एशियाली मुलुकहरूमा विभेदको खाडल ठूलो छ । सामाजिक व्यवस्थामा जाति, धर्म, परम्परा, रीति आदि अवस्थाले पनि लैङ्गिक विभेदलाई बढाएको पाइन्छ ।

एमडेनेइज (१९९८) भन्ने विद्वान आफ्नो अध्ययनको निष्कर्षमा भन्छन् "शिक्षकहरूले छात्रको बदमासीलाई उनीहरूको विशेषता अनि शान्त र चुप हुने छात्राको विशेषता मान्छन् ।" फेरि उनी भन्छन् "विद्यालयमा छात्रलाई पढाइसम्बन्धी विशेष सोधखोज गर्नु र

छात्रालाई नगर्नुबाट छात्रामा हीनताको बोध र छात्रभन्दा कम महत्वका हौं भन्ने भावनाको विकास हुन्छ । यसबाट लैङ्गिक समविकास मा बाधा पुग्न जान्छ (अर्याल, २०६३) ।

(पाण्डे, २०६७ ) का अनुसार शिक्षामा लैङ्गिक समानताका चार आयामहरू छन् । जसअन्तर्गत क) पहुँचको समानता, ख) सिकाइ प्रक्रियामा समानता, ग) शैक्षिक परिणाममा समानता र घ) बाह्य नतिजामा समानता रहेका छन् ।

(GMR, 2003) लैङ्गिक समानता धेरैनै जटिल कुरा हो र यसलाई नाप्न र मूल्याङ्कन गर्न पनि त्यतिकै गाह्रो हुन्छ । पूर्ण रूपमा लैङ्गिक समानता भएमा बालक र बालिका दुवैले विद्यालय जान उस्तै अवसर पाउँछन् । दुवैले एकै खाले पढाउने तरिका पाठ्यक्रम उपयोग गर्छन् तथा बिना भेदभाव प्राज्ञिक अभिमुखीकरण र परामर्श पाउँछन् । लैङ्गिक समानताको यस सोचले बालक र बालिकाका शैक्षिक परिणाम, उनीहरूले विद्यालयमा बिताउने समय, सिकाइउपलब्धि, प्राज्ञिक योग्यता र जागिरमा समान अवसर तथा समान योग्यता एवम् अनुभव  भएका महिला र पुरुष दुवैको समान पारिश्रमिक हुनुपर्छ भन्ने कुरा पनि बुझाउँछ । हालचलन चल्तीमा रहेका शैक्षिक परिणाम र सिकाइ उपलब्धि मापन गर्न निर्माण गरिएका सूचकहरूले आंशिक रूपमा मात्र लैङ्गिक समानताको मूल्याङ्कन गर्न सकेका छन् । गुणात्मक सूचकहरूले अझ बढी यथार्थको चित्रण गर्न सक्ने हुनाले बालक र बालिकाप्रति गरिने व्यवहारसँग गाँसिएका अवधारणा र अपेक्षाहरू जस्ता कुराका लागि समेत नाप्त सकिने खालका अझ बढी गुणात्मक सूचकहरूको आवश्यकता टड्कारो रूपमा देखा पर्छ (सिन्हा, २०६४) ।यव्यापी शिक्षक र कर्मचारी विकास, अभिभावकको सहभागिता र सहयोग, विद्यालयव्यापी शैक्षिक सफलताको पहिचान, सरकारी सहयोग, अध्ययनको लागि अधिकतम समय जस्ता सङ्गठनात्मक विशेषता उल्लेख गरेको पाइन्छ । साथै सकारात्मक योजना र सहपाठीको सम्बन्ध, सामुदायिक भावना, स्पष्ट उद्देश्य र उच्च चाहना सुव्यवस्था र अनुशासन जस्ता प्रक्रियागत विशेषता पनि उल्लेख गरेका छन् ।

(समाहित शिक्षा र बालमैत्री विद्यालय, UNESCO) नेपालमा धेरै समुदायका बालबालिकाहरू शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित रहेको पाइन्छ । यस्ता समुदायका बालबालिकाहरू ठूलै सङ्ख्यामा अझै पनि विद्यालयमा आउन सकिरहेका छैनन् भने कतिपय बालबालिका विद्यालयमा आएता पनि उनीहरूले अर्थपूर्ण सिकाइमा सहभागिता जनाउन सकिरहेका छैनन् । बालिकाका सन्दर्भमा हामीले विद्यालयमा महसुस गरेका कुराहरूमध्ये

छात्रभन्दा कमजोररूपमा प्रस्तुत गरिरहने, विद्यालय/कक्षाकोठा सफा गर्न सधैँ छात्रालाई मात्र लगाइरहने, छात्राहरूलाई अलग्गै छुट्ट्याएर राख्ने, सबै क्रियाकलापमा छात्राहरूले भाग लिए नलिएकाबारे वास्ता नगर्ने, छात्राहरूको सङ्ख्या बढी भएको विद्यालयलाई कन्या विद्यालय नामाकरण गर्ने, बौद्धिक क्रियाकलाप एवम् अतिरिक्त क्रियाकलापमा छात्रहरूको तुलनामा छात्रालाई कम अवसर दिने, छात्रछात्राले प्रयोग गर्न शौचालय एउटै भएकाले छात्राले प्रयोग गर्न असजिलो हुने, छात्रा भएर बढी बोल्ने होइन भन्दै आफ्ना कुराहरू राख्न निरुत्साहित गर्ने आदि ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धानको लागि सोसँग सम्बन्धित विषयवस्तुमा गरिएको शोध, अनुसन्धान, लेख तथा सिद्धान्तहरूको अध्ययन गर्नु महत्वपूर्ण रहने गर्दछ । सम्बन्धित विद्वानहरूद्वारा प्रतिपादित सैद्धान्तिक अवधारणाको परिधिमा रही विद्यमान समस्याको अध्ययन एवम् विश्लेषण गर्नु अझ प्रभावकारी हुने भएकोले यो शोध अध्ययन “सामुदायिक विद्यालयमा लैङ्गिक समानता”लाई मानव सम्बन्ध सिद्धान्त र UNESCO को सिद्धान्तलाई प्रयोग गरि अघि बढाइने छ ।

समाजको सामाजिक रूपान्तरणसँगै आज हरेक क्षेत्रमा पुरुष र महिलाको समान सहभागिता अर्थात् लैङ्गिक समानता कायम भएमा मात्र सफलता प्राप्त गर्न सकिन्छ । विश्वमानै आज लैङ्गिक समानताको आवाज उठिरहेको पाइन्छ । वास्तवमा विकसित राष्ट्रहरू लैङ्गिक समानताको कारणले नै आज सफल भएको पाइन्छ । नेपालमा अझै पनि नीतिगत रूपमा लैङ्गिक समानता सम्बन्धी ऐन, नियममा स्पष्ट व्यवस्था गरिएको पाइँदैन । ऐन नियममा केही महिला सम्बन्धी अधिकारको व्यवस्था गरिए पनि व्यवहारगत रूपमा लागू हुन सकिरहेको पाइँदैन । महिला र पुरुषबिच लैङ्गिक समानता कायम हुन नसकेको पाइन्छ । शिक्षा जस्तो क्षेत्रमा पनि लैङ्गिक समानताको अभाव खड्किरहेको पाइन्छ ।

मानव सम्बन्ध र UNESCO को सिद्धान्तले कुनै पनि संघ, संस्था, सङ्गठनमा मानवीय सम्बन्ध कायम भएमा मात्र सफलता प्राप्त गर्न सकिने कुरामा जोड दिएको पाइन्छ । जसको लागि मानव - मानव बीच भाइचारा, स्नेह, माया, सोहार्दता, आदर र सम्मानको भावना आवश्यक रहने उल्लेख गरिएको छ । यस मानव सम्बन्ध र UNESCO को सिद्धान्तका अवधारणाहरू यस अध्ययनसँग पनि मिल्दछन् । यसर्थ यी सिद्धान्तले यस अध्ययनलाई अझ स्पष्ट पार्ने छन् ।

मानव सम्बन्ध सिद्धान्त सन् १९५० ताका प्रचलनमा आएको हो । यस अगाडिका सिद्धान्तले सङ्गठन र कार्यलाई बढी यान्त्रिक दृष्टिकोणले हेरी केवल वस्तु उत्पादन तथा वितरणमा मात्र ध्यान दिएकोले यो सिद्धान्तको सुरुवात भएको हो । मानव सम्बन्ध सिद्धान्त शास्त्रीय सिद्धान्तको विरुद्धमा आएको प्रचलित मान्यता हो । यस सिद्धान्तको मूल आशय संघ/सस्था, सङ्गठन सञ्चालन गर्दा त्यहाँ काम गर्ने कामदारबीच राम्रो मानवीय सम्बन्ध भएमा कार्य सम्पादन छिटो, सरल, राम्रो र स्तरीय हुन्छ । संघ/संस्थामा नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार, व्यक्तित्व जस्ता मानविय व्यवहारले मानव सम्बन्धको प्रतिनिधित्व गर्छ । साथै मानव  सम्बन्ध भनेको व्यवस्थापक र कामदारको अन्तर्क्रियामा निर्भर हुने गर्छ (कोइराला, गौतम र लुइँटेल, २०७४) ।

सन् १८८० मा अष्ट्रेलियामा जन्मेका प्रोफेसर Geroge Elton mayo लाई मानव सम्बन्धी सिद्धान्तका प्रवर्तक मानिन्छ। उनले सन् १९२७-१९३२ सम्मका सिकागोको Hawthorne Plant भन्ने ठाउँमा Western electric company मा मानव सम्बन्ध सम्बन्धी अनुसन्धान गरेका थिए । उनले सङ्गठनमा उत्पादन वृद्धि कार्य प्राविधिक पक्ष सुदृढ भएर मात्र हुँदैन । मेसिन, औजार, कच्चा पदार्थ तथा आर्थिक पक्ष सवल भएमात्र उत्पादन बढ्दैन । यसका लागि सामाजिक पक्ष अर्थात् कामदार र कर्मचारीबीचको आपसी सम्बन्ध बलियो हुनुपर्छ । व्यवस्थापकले कामदार श्रमिकहरूलाई तलब भत्ता, सुविधा बढाउँदैमा आफ्नो काम कर्तव्य प्रति लगनशील र मेहेनती र दक्षतापूर्वक काम गर्छन् भन्ने हुँदैन । आर्थिक प्रलोभनको अतिरिक्त कर्मचारीहरूको योग्यताको कदर गरी नेतृत्वको विकास, काममा समन्वय र प्रेरणा, सम्मान, दोहोरो र वास्तविक सञ्चार कायम गरी कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्नु पर्ने हुन्छ । यसरी सङ्गठनमा व्यवस्थापक र कामदारबीच मानव सम्बन्धा बलियो भएमात्र उत्पादनमा वृद्धि हुने गर्छ ।

मानव सम्बन्ध सिद्धान्तका अर्का प्रवर्तक Mary Parker follet (सन् १८६८-१९३३) लाई भनिन्छ । उनी एक मानवीय सामाजिक र राजनीतिज्ञ एवम् दाशंनिक थिइन् । उनको विचारमा उत्पादन बढाउन व्यक्तिहरूमा भावना र चाहना बुझेर कामदार र प्रशासकबीचको मानवीय सम्बन्ध विकास गर्नुपर्छ । सामूहिक भावनाबाट नै अत्यधिक सफलता हासिल हुने उनको तर्क छ । उनले आफ्नो मानवीय सम्बन्ध सम्बन्धी अध्ययन र अनुभवलाई 'Creative Experiences' भन्ने पुस्तकमा व्यापक रूपमा उल्लेख गरेकी छन् । जसको निष्कर्ष जति मानवीय सम्बन्धलाई प्रगाढ र घनिष्ट बनाउन सक्यो काममा त्यति नै

प्रभावकारिता आउँछ भन्ने रहेको छ । उनले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोड दिइन् ।

Prof. Douglas Mc .Gregor (सन् १९०६-१९६४) ले मानव सम्बन्ध सिद्धान्तमा मानव कार्य र उसको उत्प्रेरणामा पार्ने प्रभावबारे गहन अध्ययन गरे । उनले व्यवस्थापकले शारीरिक र सुरक्षात्मक आवश्यकता मात्र हैन सामाजिक र स्वाभिमानको र आत्मविश्वासको आवश्यकतामा ध्यान दिनुपर्ने कुरा उल्लेख गरेका छन् । उनले प्रतिपादन गरेको सिद्धान्तलाई X र Y को रूपमा लिइन्छ । X सिद्धान्तले व्यक्तिहरू स्वयम् काम गर्न उत्प्रेरित नहुने, काम गर्न जागरुक नहुने एवम् काममा उत्तरदायित्व नलिने कुरालाई जोड दिएको छ । भने Y सिद्धान्तअनुसार व्यक्तिहरू स्वयम् काममा जिम्मेवारी लिने, उत्प्रेरित हुने र रुचिपूर्ण सहभागी हुन्छन् र सङ्गठनको प्रत्येक समस्यालाई आफ्नो समस्या ठान्छन् भनी उल्लेख गरेका छन् । यसरी ग्रेगरले X सिद्धान्तले मानव व्यवहारलाई ठीक ढङ्गले प्रतिविम्वित नगर्ने भएकोले Y सिद्धान्त अपनाउनुपर्ने सुझाव दिएका छन् ।

यसैगरी Joon Woodward (सन् १९१६-१९७१) ले पनि मानव सम्बन्धी सिद्धान्तलाई जोड दिएको पाइएको छ । उनी Industrial Sociology का प्राध्यापक हुन् । उनले South East Essex Research team अनुसन्धानविदको रूपमा (सन् १९५३-१९५७) कार्य गरेका थिए । जहाँ उनले उद्योगमा काम गर्ने कामदारहरूबीच सम्पर्कमा रहेर मानवसम्बन्धमा बारेमा अध्ययन गरेका थिए ।

UNESCO को Gender Equality in Education मा शिक्षा बिना भेदभाव पुरुष र महिलालाई समान रूपले प्रदान गर्ने व्यवस्था मिलाउनु पर्छ। परम्परागत सोच र मान्यताको कारणले केवल पुरुषहरूले मात्र शिक्षाको उच्चस्तरसम्मको अवसर लिने गरेको पाइन्छ । यसलाई पुनरावलोकन गरी महिलाहरूलाई पनि उच्च तहसम्म पुऱ्याउनुपर्छ । पुरुष र महिलामा शिक्षा प्राप्त गर्ने अवसर समान हुनुपर्छ भनी उल्लेख गरिएको छ ।

प्रकृतिले नै पुरुषको तुलनामा महिलामाथि भेदभाव गरेको पाइन्छ । महिला शारीरिक रूपमा पुरुषको तुलनामा निर्बल हुन्छन् । यसैगरी महिलामा विभिन्न शारीरिक समस्याहरू पनि रहने गर्दछ, जस्तैः- किशोरास्थादेखि रजस्वला शुरु हुने, गर्भाधान गर्नुपर्ने जस्ता प्राकृतिक समस्याहरू रहने गर्दछ । यस्तो अवस्थामा महिला शारीरिक रूपमा मात्र नभएर मानसिक रूपमा पनि अस्वस्थ हुने गर्दछन् । जसबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिलाको

शैक्षिक स्थितिमा प्रभाव पार्ने गर्दछ । यसर्थ प्राकृतिक न्यायको सिद्धान्तअनुरूप महिलाको शारीरिक अवस्थालाई पनि ध्यान दिई उनीहरूलाई पनि पुरुषसरह शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु पर्छ ।

## २.३ शैक्षिक उपादेयता

यो शोध पत्र तयार गर्ने क्रममा विभिन्न लेख, रचना, अध्ययन र विश्लेषण गर्दा शिक्षा क्षेत्रमा लैङ्गिक समानता र समताका विषयमा गरिएको विभिन्न अध्ययन, अनुसन्धान र जानकारीहरू प्राप्त गर्ने अवसर प्राप्ति हुनेछ । जसबाट शैक्षिक क्षेत्रमा लैङ्गिक समता सम्बन्धी बृहतररूपमा अध्ययन विश्लेषण गर्ने सहजता प्राप्ति हुने अपेक्षा गर्न सकिने छ ।

यस शोधपत्रबाट शिक्षा जस्तो संवेदनशील क्षेत्रमा लैङ्गिक समनता सम्बन्धी वास्तविक, प्रत्यक्ष, अवलोकन, तथ्य, तथ्याङ्कसहित अध्ययन अनुसन्धान गर्ने अवसर मिलेको छ । वर्तमान अवस्थामा विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानताको स्थिति के कस्तो रहेको छ भन्ने जानकारी प्राप्त हुनेछ । विद्यालयमा लैङ्गिक मैत्री वातावरण बनाउन के कस्ता प्रयासहरू विद्यालय र सम्बन्धित निकायहरूबाट पहल गरिएका छन् सो को जानकारी प्राप्त हुनेछ ।

विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानताको स्थिति सँगै शैक्षिक अवस्थाको पहिचाान गर्न सकिन्छ । विद्यालयमा लैङ्गिक समानता कायम गर्न के कस्ता समस्याहरू छन् र उक्त समस्या समाधानका उपायहरू पहिचान गर्न उचित सल्लाह सुझाव प्रदान गरी आगामी दिनमा शैक्षिक योजनाकार, शिक्षण कार्यमा कार्यरत, विद्यालय व्यवस्थापन, अभिभावकहरू तथा नयाँ खोज अनुसन्धान कार्यमा संलग्न हुने जो कोहीलाई सहयोग पुग्ने विश्वास जसले विद्यमान लैङ्गिक असमानताको स्थितिलाई क्रमशः कम गर्दै लाने विश्वास गरिएको छ । यस शोधपत्रमा वर्तमान अवस्थामा विद्यालयमा लैङ्गिक समानताको स्थिति सम्बन्धी यथार्थ विश्लेषणको लागि यथासम्भव प्रयत्न गरिएको छ । साथै शिक्षाको लक्ष्य तथा उद्देश्यअनुरूप उपलब्धि प्राप्त गर्न विद्यालयमा अध्ययनरत बालबालिकामा लैङ्गिक समानताले पार्ने प्रभाव वारे गहन अध्ययन गर्न खोजिने छ । यसबाट प्राप्त भएको उपयुक्त सुझावहरू र निष्कर्षले शिक्षासँग सम्बन्धित सरोकारवाला सबै पक्षहरू तथा नीति निर्माणकर्ता कार्यान्वयन कर्ता, अनुगमन तथा निरीक्षण कर्तालाई सहयोग र सल्लाह प्रदान गर्ने आशा गरिएको छ ।

# अध्याय तीन : अध्ययन विधि

अनुसन्धानलाई नयाँ तथ्य, ज्ञान वा सिद्धान्त प्राप्त गर्ने, परिकल्पना निर्माण गर्ने, तथ्याङ्क सङ्कलन र विश्लेषण गरी नतिजा पत्ता लगाउने, समस्याको समाधान गर्ने वैज्ञानिक पद्धतिको रूपमा लिइन्छ। अध्ययनको उद्देश्य प्राप्तिको लागि विभिन्न स्रोतबाट तथ्याङ्क सङ्कलन प्रस्तुति र विश्लेषण गरी निष्कर्षमा पुग्न निम्न कार्यविधि अपनाइएको छ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शोधपत्र अध्ययनलाई मिश्रित अनुसन्धनात्मक ढाँचामा सम्पन्न गरिएको छ। यो अध्ययन मूलतः व्याख्यात्मक, वर्णनात्मक र तुलनात्मक किसिमको रहेको छ। अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्क गुणात्मक र परिमाणात्मक दुवै रहे तापनि गुणात्मक सूचनालाई गुणात्मक विधि र परिमाणात्मक तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरी प्रस्तुत गरिएको छ।

## ३.२ जनसङ्ख्या र नमुना

आफ्नो अनुसन्धान कार्यमा सम्भव हुन सक्ने गरी जनसङ्ख्याबाटै प्रतिनिधिमूलक केही एकाइहरूको छनोट गरिएको छ। यसरी तिनै एकाइहरूको अध्ययन विश्लेषण गरेर प्राप्त यथार्थ विवरण र नतिजालाई सम्पूर्ण जनसङ्ख्यामा समान्यीकरण गरी निष्कर्ष निकालिएको छ।

### ३.२.१ जनसङ्ख्या

यस शोध अध्ययनको उद्देश्य पूरा गर्नका लागि झापा जिल्लाअन्तर्गत दुर्गापुर स्रोतकेन्द्रको कनकाई नगरपालिकामा पर्ने हिमाली आधारभूत विद्यालय, अनारमनी स्रोतकेन्द्रमा रहेको बिर्तामोड नगरपालिकामा पर्ने वीर अमरसिंह मा.वि. र शनिश्चरे स्रोतकेन्द्रको अर्जुनधारा नगरपालिकामा पर्ने भानु मा.वि. गरी तीनवटा सामुदायिक विद्यालयलाई लिइएको छ। उक्त विद्यालयका प्र.अ.हरू, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरू, विद्यार्थीहरू, शिक्षकहरू, अभिभावकहरू, सम्बन्धित क्षेत्रका स्रोतव्यक्तिहरू र सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्तिहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ।

### ३.२.२ नमुना छनोट

यस शोध अध्ययनमा उद्देश्यमूलक नमूना छनोट विधि अपनाइएको छ। यस शोध अध्ययनका लागि नमूना छनोट गर्दा झापा जिल्लाअन्तर्गत दुर्गापुर स्रोतकेन्द्रको कनकाई नगरपालिकामा पर्ने हिमाली आधारभूत, अनारमनी स्रोतकेन्द्रमा रहेको बिर्तामोड नगरपालिकामा पर्ने वीर अमरसिंह मा.वि र शनिश्चरे स्रोतकेन्द्रमा रहेको अर्जुनधारा नगरपालिकामा पर्ने भानु मा.वि. गरी जम्मा ३ वटा सामुदायिक विद्यालयलाई लिइएको छ। नमुना छनोटमा परेका विद्यालयका ३ जना प्र.अ., वि.व्य.स.का अध्यक्षहरू ३ जना र १२ सदस्यहरू, १२ जना शिक्षकहरू, १५ जना अभिभावकहरू, ३० जना विद्यार्थीहरू र सम्बन्धित स्रोतकेन्द्रका ३ जना स्रोतव्यक्तिहरू समेत गरी जम्मा ७८ जना व्यक्तिहरूलाई समानुपातिक स्तरीकृत नमूना छनोट विधिद्वारा छनोट गरिएको छ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अनुसन्धानको लागि आवश्यक पर्ने सूचनाहरू तथा तथ्याङ्कहरू सङ्कलनका लागि प्राथमिक स्रोत र द्वितीय स्रोत गरी दुई स्रोतको प्रयोग गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

यस अन्तर्गत छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता आफैंले वा अनुसन्धानकर्ताले खटाएको व्यक्तिद्वारा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष र सदस्यहरू, अभिभावक, स्रोतव्यक्ति र वि.नि.हरूसँग अन्तर्वार्ता, प्रश्नावली तयार गरी कक्षा अवलोकन फाराम, विद्यालय अवलोकन फाराम तयार पारी प्रत्यक्ष आवश्यक प्रश्न सोधी अन्तर्वार्ता र अवलोकनका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.३.२ द्वितीय स्रोत

यस अन्तर्गत अनुसन्धानका लागि आवश्यक तथ्याङ्कहरू विभिन्न पत्रपत्रिका, पुस्तक, लेख, रचना, सम्बन्धित संघसस्था वा निकायले प्रकाशित गरेको प्रतिवेदनहरू र विद्यालयबाट प्राप्त विभिन्न तथ्याङ्कहरूबाट लिइएको छ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

अध्ययन अनुसन्धान कार्यलाई पूर्णता दिनका लागि उपयुक्त जनसङ्ख्याको चयन गरी विश्वसनीय साधनद्वारा वैध तथ्याङ्क सङ्कलन गर्नु पर्दछ । यस शोध अध्ययनलाई पनि पूर्णता दिनका लागि निम्न साधनहरू निर्माण गरिएको छ :

### ३.४.१ अन्तर्वार्ता प्रश्नावली

वर्तमान परिप्रेक्ष्यमा विद्यालयमा लैङ्गिक समानताको स्थिति के कस्तो छ भनी पहिचान गर्न आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्न छनोटमा परेको विद्यालयका प्र.अ., वि.व्य.सका अध्यक्ष र सदस्यहरू, शिक्षक, स्रोतव्यक्तिलाई अन्तर्वार्ता सूचीको माध्यमबाट सोधिएको छ । जसलाई अनुसूची १ मा समावेश गरिएको छ ।

### ३.४.२ प्रश्नावली

विद्यालयमा लैङ्गिक समानता कायम गर्न के कस्ता समस्याहरू रहेका छन् सो को विश्लेषण गर्न र उक्त समस्या समाधानका उपायहरू प्रस्तुत गर्न छनोटमा परेको विद्यालयका प्र.अ., वि.व्य.स.का अध्यक्ष र सदस्यहरू, अभिभावक, शिक्षक, विद्यार्थी, स्रोतव्यक्तिलाई प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। प्रश्नावली खुल्ला र बन्द गरी दुई प्रकारबाट तयार गरिएको छ । जसलाई अनुसूची २, ३ र ४ मा समावेश गरिएको छ ।

### ३.४.३ कक्षा अवलोकन फाराम

अध्ययनको लागि छनोटमा परेको विद्यालयहरूको शिक्षण अवलोकन गर्नका लागि यो फाराम प्रयोग गरिएको छ । जसमा शिक्षक र विद्यार्थीबीचको सम्बन्ध बुझ्न, शैक्षिक सामग्रीको प्रयोग, शिक्षकले छात्र र छात्रा विद्यार्थीहरूप्रति गर्ने व्यवहार, विद्यार्थीहरूको बसाइ व्यवस्था, शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको अग्रसरता, छात्र र छात्राबीच हुने अन्तर्क्रिया आदिमा यो फाराम प्रयोग गरिएको छ। जसलाई अनुसूची ५ मा समावेश गरिएको छ ।

### ३.४.४ विद्यालय सर्वेक्षण फाराम

अध्ययनको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लीग विद्यालयमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको नियमितताको अवस्था, विद्यालयका शिक्षक विवरण, विद्यालयमा

छात्र र छात्रा विद्यार्थीहरूमा लैङ्गिक समानता कायम गर्न सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान र समाधान गर्न विद्यालय सर्वेक्षण फारामको प्रयोग गरिएको छ ।

### ३.४.५ लक्षित समूहसँग छलफल निर्देशिका

अध्ययनको लागि शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्रा दुवैको सक्रिय सहभागिता, शिक्षकको शिक्षण विधि, शिक्षकबाट छात्र र छात्रा बीचमा गरिने व्यवहार, विद्यार्थीको घरको वातावरण, विद्यालयले विद्यार्थीमा लैंङ्गिक समानता कायम गर्न गरिएको प्रयास सम्बन्धमा सूचना सङ्कलन गर्न यो फारामको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययन कार्यमा अनुसन्धानकर्ता स्वयं तथ्याङ्क सङ्कलन गर्नका लागि तयार गरिएका विविध किसिमका तथ्याङ्कका साधनहरू प्रयोग गर्दै झापा जिल्लाका ३ वटा स्रोतकेन्द्र अन्तर्गतका ३ वटा विद्यालयमा स्वयं उपस्थित भएर तथ्याङ्क सङ्कलन गरिएको छ । प्रारम्भिक तथ्याङ्कहरू सङ्कलन गर्न छनोटमा परेका प्र.अ., स्रोतव्यक्ति, वि.व्य.स.का अध्यक्ष र सदस्यहरू, अभिभावकसँग खुल्ला प्रश्नावली प्रयोग गरिएको छ । यसैगरी सम्बन्धित शिक्षक, विद्यार्थी र प्र.अ.हरू सँग बन्द र खुल्ला दुवै प्रश्नावलीको प्रयोग गरिएको छ ।

द्वितीय तथ्याङ्क सम्बन्धित विद्यालयहरूको रेकर्ड फाइलबाट लिइएको छ । यसैगरी जि.शि.का.को रेकर्डबाट पनि विविध तथ्याङ्करु पत्रपत्रिका, लेखरचना, पुस्तक, विभिन्न संघसस्था वा निकायबाट प्रकाशित लेखहरूबाट लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नका लागि प्राप्त सूचना, तथ्याङ्क, प्रतिवेदन र सुझावहरूलाई अर्थपूर्ण बनाई व्याख्या र विश्लेषण गर्न आवश्यक हुन्छ । यस अनुसन्धान गुणात्मक भएकाले तथ्याङ्कलाई व्याख्यात्मक विधि अपनाई गुणात्मकतामा व्याख्या विश्लेषण गरिएको छ । यसको लागि तालिका, प्रतिशत, सह-सम्बन्ध, पाइचार्ट प्रयोग गरिएको छ ।

# अध्याय चार : नतिजा विश्लेषण

अध्ययनमा प्राप्त गरिएका तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार व्याख्या र विश्लेषण गर्न आवश्यक हुन्छ। तवमात्र अनुसन्धानको औचित्य पुष्टि हुन्छ। यो अध्ययन गुणात्मक प्रकृतिको भएकोले अनुसन्धानको उद्देश्य अनुसार अन्तर्वार्ता, छलफल, प्रश्नावली, कक्षा अवलोकन, सर्वेक्षण फाराम र अभिलेखबाट प्राप्त प्राथमिक तथा द्वितीय तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण र तालिकीकरण गरिएको छ। यस अध्ययनमा सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानताको स्थितिलाई प्रस्तुत गरिएको छ। यसको लागि झापा जिल्ला अन्तर्गत दुर्गापुर स्रोतकेन्द्र अन्तर्गत हिमाली आधारभूत, अनारमनि स्रोत वीर अमरसिंह मा. वि. र शनिश्चरे स्रोतकेन्द्र भानु मा.वि. मा यस अनुसन्धानलाई केन्द्रित गरिएको छ। अध्ययनका कुनै बुँदामा सम्बन्धित व्यक्तिहरूको धारणा फरक भएमा उदृत गरी देखाइएको छ। अध्ययनमा उद्देश्य तथा परिसिमा अनुसार तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ। तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानताको स्थिति पहिचान गर्न सम्बन्धित विद्यालयका विभिन्न पक्षमा रहेर व्याख्या र विश्लेषण गरिएको छ।

## ४.१ सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानता

निश्चय पनि विद्यालयमा प्रभावकारी र गुणस्तरीय शिक्षाको लागि विद्यार्थीहरू सक्रिय रूपमा शिक्षण सिकाइमा सहभागी हुनुपर्दछ। जसमा छात्र र छात्रा दुवैजनाको समान सहभागिता अति आवश्यक हुन्छ। छात्र र छात्राको समान रूपमा शिक्षण सिकाइमा स्वतस्फूर्त सहभागिताबाट मात्र शिक्षाको लक्ष्य र उद्देश्य अनुरूप उपलब्धि प्राप्त गर्न सकिन्छ। विद्यालयबाट बिना भेदभाव समान व्यवहारको अपेक्षा छात्र र छात्रा दुवैजनाले गरेका हुन्छन्। विद्यालयको दायित्व पनि छात्र र छात्रा दुवैजनालाई लैङ्गिक रूपमा भेदभाव नगरी उनीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु हो। वास्तवमा लैङ्गिक भेदभावले पनि बालबालिका अर्थात् छात्र र छात्राको शिक्षण सिकाइ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित हुने गर्दछ। विद्यालयमा छात्र र छात्रा लैङ्गिकताको कारण कतिपय अवस्थामा शिक्षण सिकाइमा निश्क्रिय रहेको पाइन्छ। लैङ्गिकता कै कारण छात्र र छात्राको मनोवल कमजोर पनि हुने गर्दछ। यसबाट शिक्षण सिकाइमा उनीहरूको अन्तरनिहित प्रतिभाको प्रष्फुटन पनि नभइरहेको हुन सक्छ। छात्र र छात्राले खुलेर शिक्षकसँग आफ्ना समस्याहरू पनि राख्न

सकिरहेका छैनन् । शिक्षक र विद्यार्थीबीचको सम्बन्ध पनि प्रगाढ नभएको हुन सक्छ । छात्र र छात्राको बीच पनि शिक्षण सिकाइमा अन्तरक्रिया र छलफल गर्न कठिनाई उत्पन्न भएको हुनसक्छ । समान रूपले अतिरिक्त क्रियाकलापमा पनि समान सहभागिता नभएको हुनसक्छ । लैङ्गिक असमानताकै कारण छात्र र छात्रा नियमित रूपमा विद्यालयमा उपस्थित नहुनसक्छन् । जवसम्म शिक्षण सिकाइमा छात्र र छात्राबीच लैङ्गिक समानता कायम हुँदैन तवसम्म विद्यालयबाट प्रभावकारी र गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिँदैन । यसर्थ वर्तमान अवस्थामा बालबालिकाको लैङ्गिक समानताको स्थिति कस्तो छ भनी पत्ता लगाउनमा यो अध्ययन केन्द्रित छ । यसको लागि अध्ययन क्षेत्रभित्र लिइएको नमूना विद्यालयका विविध पक्षमा प्राप्त तथ्याङ्क अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ शिक्षक र छात्रछात्राबीचको सम्बन्ध

शिक्षाको लक्ष्य तथा उद्देश्य अनुरूप उपलब्धि प्राप्त गर्न शिक्षकले विद्यार्थीलाई उचित सरसल्लाह प्रदान गरी उनीहरूलाई मार्गदर्शन गर्न सक्नु पर्दछ । शिक्षक र विद्यार्थीबीचको सम्बन्ध आज्ञात्मक भन्दा सहयोगी भएमा मात्र दुवैबीच सुमधुर सम्बन्ध स्थापना हुन्छ । शिक्षक र विद्यार्थीबीचको सम्बन्ध जति घनिष्ट हुन्छ उति शिक्षण सिकाइ क्रियाकलापलाई अझ बढी प्रभावकारी बनाउन मद्दत मिल्दछ । अझ शिक्षक र छात्र वा छात्रा दुवै विद्यार्थीबीच समान सम्बन्ध हुन अति आवश्यक छ । विद्यालयमा कतिपय अवस्थामा महिला शिक्षक भए छात्रातर्फ बढी झुकाव राखी सम्बन्ध प्रगाढ गरिन्छ भने पुरुष शिक्षक भए छात्र तर्फ बढी झुकाव राखी सम्बन्ध प्रगाढ गरिन्छ ।

यस अध्ययनमा अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा विद्यालयका ४/४ जना गरी जम्मा १२ जना शिक्षक र नि.मा.तहका १०/१० जना गरी जम्मा ३० जना विद्यार्थीमा गरिएको प्रश्नावली अनुसार निम्नानुसार प्रतिक्रिया दिएका छन् :-

**तालिका १ : शिक्षण सिकाइमा शिक्षक र छात्रछात्राबीचको सम्बन्ध**

| क्र.सं. | विवरण | प्रश्नावलीमा सहभागी शिक्षक | प्रश्नावलीमा सहभागी विद्यार्थी | उत्तरदाता शिक्षक | उत्तरदाता विद्यार्थी | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | सुमधुर सम्बन्ध | १२ | ३० | १२ | २५ | ३७ (८८%) |
| २. | सुमधुर सम्बन्ध नरहेको | १२ | ३० | ० | ५ | ५ (१२%) |

*स्रोतः- स्थलगत सर्वेक्षण, २०७५*

माथिको तालिका अनुसार शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक र छात्रछात्रा बीचको सम्बन्ध सुमधुर नै रहेको छ भनी प्रतिक्रिया दिने उत्तरदाताहरूको सङ्ख्या ८८% देखिन्छ भने सम्बन्ध सुमधुर नरहेको भनी प्रतिक्रिया दिने उत्तरदाताहरूको सङ्ख्या १२% रहेको देखिन्छ ।

यसैगरी शिक्षक र छात्रछात्राबीचको सम्बन्ध प्रत्यक्ष रूपमा अवलोकन गर्न अध्ययन क्षेत्रभित्रका ३ वटै विद्यालयका नि.मा. तहका जम्मा ६ वटा कक्षा अवलोकन गरिएको थियो । जसमा शिक्षण सिकाइमा शिक्षक र छात्रा विद्यार्थीबीच अन्तरक्रिया ३ पटक सामान्य र ३ पटक राम्रो रहेको देखिन्छ भने शिक्षण सिकाइमा शिक्षक र छात्र विद्यार्थीबीच अन्तरक्रिया ४ पटक राम्रो र २ पटक सामान्य देखिन्छ। शिक्षकबाट पनि छलफल, प्रश्नोत्तर गरी अन्तरक्रिया विधि नै प्रयोग गरी शिक्षण गरिएको देखिन्छ ।

समष्टिगत रूपमा प्रश्नावली र कक्षा अवलोकन अनुसार शिक्षक र विद्यार्थीबीच सुमधुर सम्बन्ध नै देखिन्छ। शिक्षकबाट छात्र र छात्राबीच भेदभाव नगरिएको देखिन्छ भने छात्र र छात्राबाट पनि शिक्षकबाट आफूहरूप्रति भेदभाव नभएको प्रतिक्रिया दिएका छन् । शिक्षकबाट छात्रा र छात्र दुवैजनासँग समान सम्बन्ध राखिएको पाइन्छ। कक्षा अवलोकन अनुसार शिक्षक र छात्रछात्राबीच अन्तरक्रिया सन्तोषजनक नै रहेको पाइन्छ ।

यसरी हेर्दा शिक्षकबाट छात्र र छात्राबीच समान सम्बन्ध नै राखिएको देखिन्छ। तरपनि छात्राहरूभन्दा छात्रहरू बढी शिक्षकसँग सम्बन्धित पाठ्यवस्तुमा देखिएका समस्याहरूबारे अन्तरक्रिया गर्न उत्सुक रहेको देखिन्छ। छात्राहरू स्वभावतः लज्जालु,

मर्यादित र अनुशासित हुनुपर्ने धारणाले शिक्षकसँग अन्तरक्रिया गर्न नसकिरहेको देखिन्छ। भने छात्रहरू स्वभावत जिज्ञासु र क्रियाशील रहने हुनाले छात्राहरूभन्दा शिक्षकसँग सम्बन्ध प्रगाढ बनाउन अघि छन्। यसर्थ शिक्षकबाट छात्राहरूको समस्यालाई बुझ्ने र समाधान गर्ने प्रयास गर्न जरुरी हुन्छ।

### ४.१.२ शिक्षकबाट छात्र र छात्राप्रति गरिने व्यवहार

कक्षाकोठाभित्र शिक्षकले विभिन्न प्रकारका व्यवहारहरू प्रदर्शन गर्ने गर्दछ। कक्षा कोठामा शिक्षक र विद्यार्थीबीच विभिन्न प्रकारका अन्तरक्रियाहरू गरिन्छन्। शिक्षकको व्यवहारबाट नै विद्यार्थीको व्यवहारको रेखाङ्खन हुने गर्दछ। शिक्षकले गरेका सवैजसो कार्यको  नक्कल विद्यार्थीले गर्दछ। एकीकृत व्यवहारमा शिक्षक विद्यार्थीसँग सहयोग, दोहोरो सम्बन्ध र परामर्श लेनदेन गर्दछ (काफ्ले, सिन्हा, श्रेष्ठ, बस्नेत, २०६१)। छात्र र छात्रा दुवैजनाले शिक्षकबाट अपेक्षित रूपमा राम्रो व्यवहारको अपेक्षा गरेका हुन्छन्। शिक्षकको सदैव शिक्षण सिकाइ क्रियाकलापमा आफूप्रति नै ध्यानकेन्द्रित होस् र शिक्षकबाट बढीभन्दा बढी अन्य विद्यार्थीहरूभन्दा आफूलाई राम्रो व्यवहार गरियोस् भन्ने विद्यार्थीको चाहना रहेको हुन्छ तर कतिपय अवस्थामा शिक्षकबाट छात्र र छात्राप्रति समान व्यवहार नभएको हुन सक्छ। यसबाट विद्यार्थी आफूलाई उपेक्षित महसुस गरी हिन भावनाबाट ग्रसित हुँदै सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने गर्दछन्। यस अध्ययनमा तथ्याङ्क सङ्कलनका क्रममा अध्ययन क्षेत्रभित्रका ३ जना प्र.अ. र सामुदायिक विद्यालयका ३० जना विद्यार्थी र १५ जना अभिभावक गरी जम्मा ४८ जना उत्तरदाताबाट शिक्षकबाट छात्र र छात्राप्रति गरिने व्यवहार सम्बन्धी दिइएका प्रतिक्रिया निम्नानुसार रहेको पाइन्छ :

**तालिका २ : शिक्षकबाट छात्र र छात्रा विद्यार्थीप्रति गरिने व्यवहार**

| क्र.सं. | विवरण | उत्तरदाता प्र.अ. | उत्तरदाता विद्यार्थी | उत्तरदाता अभिभावक | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | समान व्यवहार | ३ | २५ | १२ | ४० (८३%) |
| २. | असमान व्यवहार | ० | ५ | ३ | ८ (१७%) |

*स्रोत : स्थालगत सर्वेक्षण, २०७५*

माथिको तालिकाअनुसार शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्रा विद्यार्थीप्रति गरिने व्यवहार समान नै रहेको भनी प्रतिक्रिया दिने उत्तरदाताको सङ्ख्या ८३% देखिन्छ। भने समान व्यवहार नगरिने भनी प्रतिक्रिया दिने उत्तरदाताहरूको सङ्ख्या १७% रहेको देखिन्छ। यसैगरी अध्ययन क्षेत्रभित्रका विद्यालयका सामुदायिक विद्यालयका ६ वटा कक्षाकोठा अवलोकन गरी हेर्दा शिक्षकबाट छात्रा विद्यार्थीप्रति गरिने व्यवहार ४ पटक राम्रो र २ पटक सामान्य देखिन्छ भने छात्र विद्यार्थीप्रति गरिने व्यवहार पनि ४ पटक राम्रो र २ पटक सामान्य देखिन्छ।

तथ्याङ्क सङ्कलनको क्रममा छात्र र छात्राबाट हालसम्म शिक्षकबाट लैङ्गिक रूपमा असमान व्यवहार गरिएको गुनासो प्राप्त नभएको देखिन्छ। छात्र र छात्रा पनि शिक्षकबाट आफूहरूप्रति गरिने व्यवहार समान नै रहेको अनुभव गर्दछन्। यसैगरी कक्षा अवलोकनबाट पनि शिक्षकबाट छात्र र छात्रा विद्यार्थीप्रति गरिने व्यवहार समान नै रहेको पाइन्छ भने अभिभावकहरू पनि शिक्षकबाट असमान व्यवहार आफूप्रति गरिएको भनी छोराछोरीबाट गुनासो कमै प्राप्त भएको प्रतिक्रिया दिन्छन्। यसरी हेर्दा शिक्षकबाट छात्र र छात्राप्रति गरिने व्यवहार समान नै भए पनि अझै पनि छात्राहरू आफूलाई उपेक्षित महसुस गर्दछन्। पारिवारिक, सामाजिक, सांस्कृतिक आदि कारणहरूबाट छात्राहरूको मनोबल छात्रहरूभन्दा कमजोर हुने भएकोले विशेषत: शिक्षकबाट छात्राहरूप्रति राम्रो व्यवहार गरिनु जरुरी छ। छात्राहरूलाई उत्प्रेरणा, प्रोत्साहन र पुरस्कृत गरी उनीहरूको मनोबल उच्च पारिनु पर्दछ।

### ४.१.३ शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको सहभागिता

प्रभावकारी शिक्षण सिकाइको लागि छात्र र छात्रा दुवैजनाको शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिता हुन आवश्यक हुन्छ। शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको समान सहभागिता र अग्रसरताले कक्षाकोठामा लैङ्गिक मैत्री वातावरणको सिर्जना गर्न सकिन्छ। यस अध्ययनमा जम्मा १२ जना शिक्षक, नि.मा.तहका ३० जना विद्यार्थी र ३ जना प्र.अ. गरी जम्मा ४५ जनामा गरिएको प्रश्नावली अनुसार निम्नानुसार प्रतिक्रिया दिएका छन् :

**तालिका ३ : शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको सहभागिता**

| **क.सं.** | **विवरण** | **उत्तरदाता प्र.अ.** | **उत्तरदाता शिक्षक** | **उत्तरदाता विद्यार्थी** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|
| १. | शि.सि.क्रि.मा छात्राको सहभागिता छात्र भन्दा बढी | ० | ० | ५ | ५(११%) |
| २. | शि.सि.क्रि.मा छात्रको सहभागिता छात्रा भन्दा बढी | ० | ३ | ५ | ८(१८%) |
| ३. | शि.सि.क्रि.मा छात्र र छात्राको सहभागिता बराबरी | ३ | ९ | २० | ३२(७१%) |
| ४. | शि.सि.क्रि.मा छात्र र छात्रा दुवै निश्क्रिय हुन्छन् । | ० | ० | ० | |

*स्रोत :- स्थलगत सर्वेक्षण, २०७५*

माथिको तालिकानुसार जम्मा ११% ले शिक्षण सिकाइ क्रियाकलापमा छात्राको सहभागिता छात्र भन्दा बढी छ भनी प्रतिक्रिया दिए । यसैगरी जम्मा १८% ले शिक्षण सिकाइ क्रियाकलापमा छात्रको सहभागिता छात्राभन्दा बढी हुने गरेको छ भनी प्रतिक्रिया दिए । जम्मा ७१% ले शिक्षण सिकाइ क्रियाकलापमा छात्रा र छात्रको सहभागिता बराबर हुने गरेको छ भनी प्रतिक्रिया दिए ।

नि.मा.तहका जम्मा ६ वटा कक्षाकोठा अवलोकन गर्दा पनि शिक्षण सिकाइ क्रियाकलापमा छात्रको अग्रसरता ४ पटक राम्रो र २ पटक सामान्य देखिन्छ भने छात्राको अग्रसरता ३ पटक राम्रो र ३ पटक सामान्य देखिन्छ ।

समष्टिगत रूपमा शि.सि.क्रि.मा छात्र र छात्राको सहभागिता सन्तोषजनक नै देखिन्छ तर अझै पनि छात्राहरू मानसिक संकोच, कमजोर मनोबल, हिनताको भावना, पारिवारिक, सामाजिक, सांस्कृतिक संस्कार, डर, त्रास, आदि कारणबाट छात्रहरूभन्दा पछाडी पर्ने हुनाले शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको सहभागिता समान नभइरहेको देखिन्छ । यसर्थ यस्ता समस्याहरूको समाधान गर्नु सम्बन्धित पक्षहरूको दायित्व रहने गर्दछ ।

### ४.१.४ शिक्षण सिकाइमा छात्र र छात्राबीचको अन्तरक्रिया

शिक्षण सिकाइमा छात्र र छात्राबीच पनि अन्तरक्रिया हुन आवश्यक छ। शिक्षण सिकाइको क्रममा छात्र र छात्राबीच बढीभन्दा बढी अन्तरक्रिया भई एकअर्काप्रति नबुझेका विषयवस्तुमा सहयोग आदान-प्रदान भएमात्र प्रभावकारी शिक्षण सिकाइ सम्भव हुन्छ।

यस अध्ययनमा जम्मा १२ जना शिक्षक र मा.वि.तहका ३० जना विद्यार्थी गरी जम्मा ४२ जनामा गरिएको प्रश्नावली अनुसार निम्नानुसार प्रतिक्रिया दिएका छन् :

**तालिका ४ : शिक्षण सिकाइमा छात्र र छात्राबीचको अन्तरक्रिया**

| क्र.सं. | विवरण | प्रश्नावलीमा सहभागी शिक्षक | प्रश्नावलीमा सहभागी विद्यार्थी | उत्तरदाता शिक्षक | उत्तरदाता विद्यार्थी | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | शि.सि.क्रि.मा छात्र र छात्रा बीच अन्तरक्रिया पर्याप्त हुने | १२ | ३० | ७ | २० | ६४% |
| २. | शि.सि.क्रि.मा छात्र र छात्रा बीच कमै मात्र अन्तरक्रिया हुने | १२ | ३० | ५ | १० | ३६% |

*स्रोत :- स्थलगत सर्वेक्षण, २०७५*

माथिको तालिकानुसार शिक्षण सिकाइ क्रियाकलापमा छात्रछात्राबीच जम्मा ६४% ले अन्तरक्रिया पर्याप्त हुने बताए। यसैगरी शिक्षण सिकाइ क्रियाकलापमा छात्रछात्राबीच जम्मा ३६% ले कम मात्र अन्तरक्रिया हुने बताए।

सम्बन्धित विद्यालयका सामुदायिक विद्यालयका कक्षाकोठामा जम्मा ६ पटक अवलोकन गर्दा सम्बन्धित पाठ्यवस्तुमा छात्रछात्रबीच अन्तरक्रिया ५ पटक राम्रो र १ पटक सामान्य देखिन्छ। यस्तै छात्राछात्राबीच अन्तरक्रिया ५ पटक राम्रो र १ पटक सामान्य देखिन्छ भने छात्रछात्राबीच अन्तरक्रिया ३ पटक राम्रो र ३ पटक सामान्य देखिन्छ।

समष्टिमा शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राबीच अन्तरक्रिया र छलफल अझै पनि पूर्ण रूपमा हुन सकेको छैन। छात्र  छात्राबीच अन्तरक्रिया गर्न संकोच रहेको पाइन्छ। उनीहरूले खुलेर पाठ्यवस्तु सम्बन्धी समस्या एक अर्कालाई राख्न नसकेको पाइन्छ। जसमा मुख्यत लैङ्गिकताका साथै पारिवारिक, सांस्कृतिक, सामाजिक, परम्परागत

धारणा आदि कारण रहेका छन् । यसर्थ छात्र र छात्राबीच रहेको संकोचलाई हटाई, सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागि गराइनु सम्बन्धित पक्षको दायित्व देखिन्छ ।

### ४.१.५ विद्यार्थीहरूको बसाइ व्यवस्था

कक्षाकोठा नै शिक्षण सिकाइको मुख्य कार्यथलोको रूपमा रहेको हुन्छ । जबसम्म कक्षाकोठा विद्यार्थीका लागि उपयुक्त हुन सक्दैन । तबसम्म अर्थपूर्ण सिकाइ हुन सक्दैन । कक्षाकोठा व्यवस्थापन बाट नै कक्षाकोठा भित्र शिक्षण सिकाइको लागि उपयुक्त वातावरण सिर्जना गर्न सकिन्छ । कक्षाकोठा व्यवस्थापनका विविध पक्षहरूमध्ये विद्यार्थीहरूको बसाइ व्यवस्था पनि एक महत्वपूर्ण पक्षको रूपमा रहेको पाइन्छ । विद्यार्थीहरूको बसाइ व्यवस्था कक्षाकोठा अनुकुल हुनुको साथै लैङ्गिक मैत्री पनि हुन आवश्यक छ । लैङ्गिक मैत्री बसाइबाट छात्र र छात्रबीच शिक्षण सिकाइ सम्बन्धी विषयवस्तुमा अन्तरक्रिया गर्न सहज मात्र नहुने भएर शिक्षण सिकाइमा समान सहभागिता पनि हुने गर्दछ । यसको लागि छ्यासमिसे बसाइ, U आकारको बसाइ, खुल्ला बसाइ, स्पष्ट देखिने बसाइ जस्ता समतामूलक बसाइ व्यवस्थापन गर्न सकिन्छ ।

यस अध्ययनमा अध्ययन क्षेत्रभित्रका विद्यालयका मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूमा कक्षा अवलोकनबाट गरिएको सर्वेक्षणमा विद्यार्थीहरूको बसाइ व्यवस्था लैङ्गिक मैत्री र समतामूलक नरहेको देखिन्छ । छात्र-छात्रको छुट्टै खण्ड र छात्रा-छात्राको छुट्टै खण्डमा बसाइ व्यवस्था रहेको पाइन्छ । छात्र र छात्राको समतामूलक बसाइ व्यवस्था पाइँदैन । फेरी छात्र र छात्राहरू पनि सँगसँगै मिलेर बसेर पढ्न असहजता महसुस गर्ने गरेका छन् । छात्र-छात्र र छात्रा-छात्रा नै मिलेर बस्न बढी रुचाउने गरेका छन् । छात्र र छात्रा समतामूलक बसाइ व्यवस्थाका लागि लजाउने, छात्र बसेको ठाउँमा छात्रा बस्न नचाहने, छात्र र छात्राले लैङ्गिक रूपमा असहजता महसुस गर्ने गरेका छन् भनी शिक्षकहरूको भनाइ रहेको छ ।

यसरी हेर्दा छात्र र छात्राबीच अझै पनि मनौवैज्ञानिक रूपमा लैङ्गिक असहजता रहेको छ । छात्र र छात्रा दुवैजना सँगसँगै मिलेर बस्न र शिक्षण सिकाइमा क्रियाशील हुन नसकिरहेको देखिन्छ । यसबाट छात्रहरूलाई पाठ्यवस्तु सँग सम्बन्धित विषयवस्तुमा अन्तरक्रिया र छलफल गर्न असहज हुनुको साथै शिक्षण सिकाइमा समान सहभागिताको

लागि कठिनाई हुन सक्छ। यसर्थ विद्यार्थीहरूको समतामूलक र लैङ्गिक मैत्री बसाइ व्यवस्थापनको लागि सम्बन्धित पक्षबाट प्रबन्ध मिलाउनुपर्दछ।

### ४.१.६ छात्र र छात्राको समान सहभागिता अतिरिक्त क्रियाकलापमा

हरेक बालबालिकाको सर्वाङ्गिण व्यक्तित्व विकासका लागि नियमित औपचारिक शिक्षणका साथै अन्य सहक्रियाकलापहरूमा पनि संलग्न गराउनु पर्दछ। विद्यार्थीहरूको मनोवैज्ञानिक तथा वौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न सह तथा अतिरिक्त क्रियाकलाप अपरीहार्य हुन्छ। अतिरिक्त क्रियाकलापलाई बालबालिकाको शैक्षिक विकासको अभिन्न अंग वा समपुरक विषय हुन् र यसलाई समेत पाठ्य क्रियाकलापकै अभिन्न अंगका रूपमा लिनु पर्दछ (अधिकारी, २०६५)।

विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापलाई उत्साहजनक र प्रभावकारी बनाउन अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका हुन्छ। छात्र र छात्रा दुवैजनाको अतिरिक्त क्रियाकलापमा समान सहभागिताले उनीहरूमा आत्मविश्वास र सौहार्दपूर्ण वातावरणको सिर्जना हुन्छ। यसबाट विद्यालयमा लैङ्गिक मैत्री वातावरणको स्थापना गर्न सहजता पनि प्राप्त हुन्छ।

अध्ययनको क्रममा विद्यालयका प्र.अ.हरू, शिक्षकहरू र मा.वि. तहका विद्यार्थीहरूलाई प्रश्नावलीको माध्यमबाट छलफल गर्दा विद्यालयमा मासिक रूपमा आयोजना गरिने अतिरिक्त क्रियाकलापमा छात्र र छात्राको सहभागिता रहे पनि समान सहभागिता नरहने प्रतिक्रिया प्राप्त भएको छ। तथ्याङ्क सङ्कलनको क्रममा छात्राहरूले छात्रहरूको तुलनामा कमै मात्र अतिरिक्त क्रियाकलापमा सहभागिता जनाउने गरेका देखिन्छन्। साथै अतिरिक्त क्रियाकलाप छात्राहरूको रुचिको विषय नरहेको पाइन्छ। छात्रहरूका अनुसार उनीहरूलाई अतिरिक्त क्रियाकलापमा संलग्न हुन रुचिपूर्ण र रमाइलो लाग्दछ। छात्रहरू अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाइ सँगसँगै लानुपर्ने कुरामा आफ्नो राय व्यक्त गर्दछन् भने छात्राहरू अतिरिक्त क्रियाकलापमा सहभागी भए पनि रुचिपूर्ण नलाग्ने बताउँछन्।

यसरी हेर्दा विद्यालयमा आयोजना गरिने अतिरिक्त क्रियाकलापमा छात्राहरूको सहभागिता छात्रभन्दा कम देखिन्छ। छात्राहरू स्वस्फूर्त नभएर औपचारिकताको लागि मात्र अतिरिक्त क्रियाकलापमा सहभागी हुने गर्छन। छात्र र छात्रामा अझै पनि लैङ्गिक संकोच

देखिन्छ । यसबाट उनीहरूको अन्तरनिहित प्रतिभा र क्षमताको विकासमा वाधा पर्न सक्छ । यसर्थ सम्बन्धित पक्षबाट यसतर्फ चासो र दायित्व लिई छात्र र छात्राको समान सहभागिताको गराउनुपर्दछ ।

### ४.१.७ छात्र र छात्राप्रति उनीहरूको अभिभावकको धारणा

विद्यार्थीहरूको शिक्षण सिकाइमा उनीहरूको घरायसी वातावरणले पनि प्रभाव पार्ने गर्दछ। घरको वातावरण विद्यार्थी अनुकुल भएमा मात्र उनीहरू शिक्षण सिकाइमा सक्रिय हुने गर्छन् । लैङ्गिक रूपमा उनीहरूलाई घरमा पनि भेदभाव गरिनु हुँदैन । यदि घरमा नै उनीहरूमाथि लैङ्गिक रूपमा असमान व्यवहार गरिन्छ भने त्यसको प्रभाव उनीहरूको विद्यालयको शैक्षिक वातावरणमा पनि पर्ने गर्दछ । यसर्थ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक समानताको स्थिति हेर्न उनीहरूको अभिभावकको धारणा पनि बुझ्नुपर्ने हुन्छ ।

यस अध्ययनमा अध्ययन क्षेत्रभित्रका विद्यालयका नि.मा.तहमा अध्ययनरत विद्यार्थीहरूमा जम्मा १५ जना अभिभावकहरूलाई खुल्ला प्रश्नावलीको माध्यमबाट छलफल गरिएको थियो । जसमा उनीहरूले छोरा र छोरी दुवैप्रति समान व्यवहार नै गरिने गरिएको धारणा व्यक्त गरे । उनीहरूका अनुसार छोरा र छोरी दुवैलाई सामुदायिक विद्यालय नै अध्ययन गर्न पठाउने गरेका छन् । दुवैलाई नियमित विद्यालय पठाउने गरे पनि कहिलेकाँही खेतीपाती र घरायसी कामले छोरीलाई अनियमित गर्नुपर्ने वाध्यता रहेको पाइन्छ । साथै छोरा र छोरी दुवैलाई घरमा पठनपाठनको लागि बराबर समय छुट्याउने गरे पनि छोरीहरू घरायसी कामले कतिपय अवस्थामा नियमित रूपमा पठनपाठनमा सरिक नहुने बताए । यसैगरी आफ्ना छोरा र छोरीको शिक्षण प्रगति वार्षिक प्रगतिबाट मात्र प्राप्त गर्ने उनीहरूले बताए भने विद्यालयमा हुने अभिभावक, छलफल, अन्तरक्रियामा सहभागि भ्याएसम्म हुने बताए ।

यसरी हेर्दा अभिभावकहरू पनि लैङ्गिक रूपमा आफ्ना छोराछोरीमा भेदभाव गर्न चाहदैनन् । तर व्यवहारगत रूपमा अझैपनि छोरीहरू छोराहरूभन्दा बढी घरायसी काममा खट्नुपर्ने देखिन्छ । अभिभावकमा छोरी र छोराप्रति समान व्यवहार गरिनुपर्छ भनी सोचाइमा परिवर्तन आए पनि सामाजिक र परम्परागत धारणाको कारण व्यवहारगत रूपमा समान व्यवहार गरिएको पाइँदैन । जसबाट छात्रा छात्र सरह नियमित रूपमा शिक्षण सिकाइमा

सहभागी हुन सकिरहेका छैनन् । यसर्थ सम्बन्धित पक्षहरूबाट अभिभावकमा सचेतना मात्र नभएर सामाजिक सांस्कृतिक रूपमै छोरा र छोरीप्रति गरिने भेदभाव हटाउन जनजागरणको अभियान चलाउनुपर्ने देखिन्छ ।

### ४.१.८ छात्र र छात्राको नियमितताको अवस्था

विद्यालयमा विद्यार्थीहरू भर्ना भएर मात्र हुँदैन उनीहरू नियमित पनि हुनुपर्ने हुन्छ । तर कतिपय अवस्थामा छात्र र छात्राहरू नियमित रूपमबाट विद्यालयमा सहभागी भइरहेका हुँदैनन् । यसले गर्दा विद्यालयमा भर्ना भएर पनि अन्तिम परीक्षामा सामेल हुन र परीक्षामा उत्तीर्ण हुने दर कम हुन सक्छ भने परिमाणात्मक रूपमा शैक्षिक नतिजा राम्रो भए पनि गुणात्मक रूपमा उत्कृष्ट नभएको हुन सक्छ ।

यस अध्ययनमा तथ्याङ्क सङ्कलनको क्रममा छात्रहरूभन्दा छात्राहरू नै बढी अनियमित हुने गरेको देखिन्छ । सो को कारण बुभ्दा छात्राहरूले घरायसी काम गर्नुपर्ने, कहिलकाही खेतीबारीमा पनि जानुपर्ने, भाइबहिनी हेर्नुपर्ने आदि कारण बताइन्छ ।

यस अध्ययनमा लिइएका विद्यालयका गत साल फागुन मसान्तको विद्यार्थीहरूको हाजिरी विवरण हेर्दा चार (४) दिनभन्दा बढी गयल हुने छात्र र छात्राको स्थिति यसप्रकार रहेको पाइन्छ :

**तालिका ५ : छात्रछात्रा नियमितताको अवस्था**

| विद्यालय | कक्षा - ६ | | | कक्षा - ७ | | | कक्षा - ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| हिमाली आधारभूत | १२ | ५ | १७ | ५ | ३ | ८ | ४ | ३ | ७ |
| वीर अमरसिंह मा. वि. | ७ | ७ | १४ | १९ | ४ | २४ | १२ | ६ | १८ |
| भानु मा.वि. | ७ | ४ | ११ | २ | २ | ४ | ३ | ३ | ६ |
| जम्मा | २६ (६२%) | १६ (३८%) | ४२ | २६ (७४%) | ९ (२६%) | ३६ | १९ (६१%) | १२ (३९%) | ३१ |

*स्रोत:- विद्यालय अभिलेख, २०७५*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रभित्रका विद्यालयबाट लिइएका अभिलेख अनुसार कक्षा ६ मा अनियमित हुने छात्रा ६२% र छात्र ३८% देखिन्छ। कक्षा ७ मा अनियमित हुने छात्रा ७४% र छात्र २६% देखिन्छ भने कक्षा ८ मा अनियमित हुने छात्रा ६१% र छात्र ३९% देखिन्छ ।

यसरी हेर्दा छात्राहरू नियमित रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नभइरहेको देखिन्छ । जसका कारणहरू पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक कारणका साथै कक्षाकोठामा छात्र र छात्राबीच रहेको लैङ्गिक विभेद पनि प्रमुख कारका तत्वको रूपमा रहेको छ। छात्राहरू विद्यालयमा नियमित उपस्थित हुन चाहेर पनि अनियमित हुनुपर्ने अवस्था सिर्जना हुने गरेको छ। यसर्थ छात्राहरूको विद्यालयमा नियमितताको लागि शिक्षक, अभिभावक, वि.व्य.स. लगायत सम्पूर्ण सम्बन्धित निकायहरू र स्वयं छात्र र छात्राको सक्रिय भूमिको आवश्यकता पर्छ।

## ४.२ विद्यालयमा लैङ्गिक समानता कायम गर्न देखिएका समस्याहरू

(एजुकेशनल पेजेज, २०६५) अनुसार आजको एक्काइसौं शताब्दीमा मानवीय हित र समतामूलक समाज निर्माणका लागि छात्रा शिक्षा र लैङ्गिक समानता मुख्य आधारस्तम्भ हुन् । विद्यालय पनि समाजकै एक अंग भएको हुनाले अध्ययनरत छात्रछात्राबीच लैङ्गिक समानता हुन अति आवश्यक छ। विद्यालयको शैक्षिक वातावरण लैङ्गिक मैत्री हुन जरुरी छ तर पनि विविध कारणहरूले विद्यालयमा छात्रछात्राबीच लैंगिक समानता कायम गर्न समस्याहरू देखिन्छन् ।

यस अध्ययनमा अध्ययन क्षेत्रभित्र लिइएका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष र पदाधिकारी लगायत सम्बन्धित क्षेत्रका स्रोतव्यक्ति र वि.नि.हरूसँग गरिएको प्रश्नावली र छलफलका आधारमा प्राप्त गरिएका प्रतिक्रिया अनुरूप देखिएका समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### ४.२.१ अभिभावकहरूमा चेतनाको कमी

अध्ययनको क्रममा वर्तमान अवस्थामा अभिभावकहरूलाई छोरा र छोरी समान हुन् । उनीहरूमाथि भेदभाव गरिनु हुन्न भन्ने जानकारी रहेपनि व्यवहारगत रूपमा छोरा र छोरीप्रति समान व्यवहार भएको छैन । छोराहरूले छोरीभन्दा बढी सुविधा र अवसर प्राप्त गर्ने गर्छन्। छोरीहरूले आफ्नै घरबाट भेदभावपूर्ण व्यवहारको सामना गर्नुपर्दछ।

विद्यालयका प्र.अ.का अनुसार केही अभिभावक छात्रालाई भन्दा छात्रलाई नियमित र आवश्यक सामग्री सहित विद्यालय पठाउने गर्दछन् तर छात्रालाई चासो दिँदैनन् । जसको फलस्वरूप शिक्षण सिकाई क्रियाकलापमा छात्राहरूमा मनोवैज्ञानिक असर परी हिनताको भावना सृजना हुने गरेको पाइन्छ ।

यसरी हेर्दा अभिभावकहरूले छोरा र छोरी दुवैलाई समान विद्यालयमा भर्ना गर्ने गरेता पनि अझै पनि छोरा र छोरीमा व्यवहारगत रूपमा समानता ल्याउन नसकिरहेको देखिन्छ। कारण अभिभावकहरू छोराको शिक्षामा बढीभन्दा बढी लगानी गर्नु आफ्नो सामाजिक प्रतिष्ठाको रूपमा लिने गर्दछन् । अभिभावकहरू सामाजिक, सांस्कृतिक र धार्मिक रूपमा पनि छोरालाई बढी महत्व दिने गर्दछन् । यसर्थ अभिभावकहरूमा छोरा र छोरीलाई समान शिक्षा दिएर मात्र हुँदैन। दुवैलाई समान अवसर पनि दिइनु पर्दछ भन्ने चेतना जागृत हुन आवश्यक देखिन्छ। पारिवारिक, सामाजिक, सांस्कृतिक र आर्थिक कारणबाट छात्रामाथि गरिने भेदभाव हटाउन अभिभावकहरूलाई चेतनशील बनाउनु आवश्यक देखिन्छ ।

### ४.२.२ विद्यार्थी स्वयंमा चेतनाको कमी

यस अध्ययनको क्रममा विद्यार्थी स्वयंमा पनि चेतनाको कमी देखिन्छ किनभने छात्र र छात्राहरू स्वयं पनि एकअर्कामा विभेद गर्ने गरिएको देखिन्छ। उनीहरूबाट नै एक अर्काप्रति लैङ्गिक रूपमा असमान व्यवहार भइरहेको देखिन्छ। सम्बन्धित विद्यालयका विद्यालय निरीक्षक भन्नुहुन्छ- “छात्रछात्रा समान हुन भन्ने धारणाको अभाव स्वयं छात्रछात्रामा नै देखिन्छ । भने छात्राहरू मनोवैज्ञानिक रूपमा आफूलाई कमजोर ठान्ने प्रवृत्ति देखिन्छ। उनीहरू छात्रसँग अन्तरक्रिया र प्रतिस्पर्धा गर्न आफूमा हिनताको अनुभव गर्ने गर्दछन् ।” छात्रहरू पनि छात्रासँग अन्तरक्रिया गर्न संकोच मान्छन् । पाठ्य विषयवस्तुसँग सम्बन्धित समस्याको समाधान गर्न दुवैबाट एकअर्कासँग छलफल गरी सहयोग आदानप्रदान नगरिएको देखिन्छ। निश्चय पनि यसबाट शिक्षण सिकाईमा प्रतिकुल प्रभाव पर्ने गर्दछ ।

यसरी हेर्दा विद्यालयमा अध्ययनरत छात्रछात्रा बिचनै लैङ्गिक रूपमा समान हौं भन्ने धारणाको अभाव छ। कारण छात्रछात्रा स्वयंमा पनि परम्परागत सोचाई, सामाजिक, साँस्कृतिक र मनोवैज्ञानिक संकोच देखिन्छ। यसर्थ छात्रछात्रामा चेतना जागृत गराउन आवश्यक देखिन्छ ।

### ४.२.३ विद्यालयको भौतिक पूर्वाधार लैङ्गिक मैत्री नहुनु

विद्यालयमा छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न भौतिक पूर्वाधारहरू पनि लैङ्गिक मैत्री हनु आवश्यक छ । तर सो अनुरूप नभएको पाइन्छ ।

छात्रछात्राहरूको लैङ्गिक मैत्री बसाई व्यवस्थापनका लागि कक्षाकोठा उपयुक्त आकारको हुन आवश्यक छ तर विद्यार्थी सङ्ख्या अनुरूप अर्थात् समानुपातिक बसाई व्यवस्था अनुरूप व्यवस्थित र उपयुक्त नभएको पाइन्छ। कक्षाकोठाको अभाव देखिन्छ। कक्षाकोठा विद्यार्थी अनुकुल नभएको पाइन्छ। समानुपातिक बसाई व्यवस्थापनको लागि त अनुपयुक्त नै देखिन्छ। तथ्याङ्क सङ्कलनका क्रममा छात्रछात्रालाई समानुपातिक बसाई व्यवस्थापन गर्न कक्षाकोठाको आकार उपयुक्त देखिँदैन। यसै गरी छात्रछात्राको लागि सुरक्षित र उपयुक्त छुट्टाछुट्टै शौचालयको हुन आवश्यक हुन्छ तर विद्यालयमा प्रायः छात्रछात्राको लागि अलग-अलग शौचालयको व्यवस्था गरिएको पाइँदैन। अलग-अलग शौचालय भए पनि उचित व्यवस्थापन गरिएको पाइँदैन। यसबाट छात्रछात्राले संकोच र असहजता महसुस गर्ने गर्दछन् ।

विद्यालयमा छात्रछात्राको अनुपातमा शुद्ध पानीको अभाव देखिन्छ। शौचालय र पिउनको लागि पानीको कमीको कारण छात्राहरू नै बढी पीडित हुनुपर्ने देखिन्छ। पिउने पानीको लागि विद्यार्थीहरू टाढा जाने गर्दछन् र बाध्यतावश छात्राहरूको कक्षा लिनु पर्ने समय बाहिर शौचालय आदि कार्यहरूमा खेर जाने गर्दछ। प्राकृतिक र सामाजिक समस्याहरूका कारण महिला शिक्षिका र छात्राहरूको लागि छुट्टै कोठाको आवश्यकता परे पनि व्यवस्था नभएको पाइन्छ। आराम गर्न, लुगा फेर्न वा आफूलाई व्यवस्थित पार्न समस्या हुने गर्दछ। यस्तै विद्यालयमा भएका पुस्तकालय, प्रयोगशाला पनि छात्रछात्राको लागि लैङ्गिक मैत्री रूपमा व्यवस्थापन गरिएको पाइँदैन। विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका अनुसार आर्थिक कारण व्यवस्थापन गर्न सकिएन भन्ने रहेको छ। यसरी हेर्दा विद्यालयमा लैङ्गिक मैत्री वातावरणको लागि भौतिक पूर्वाधारको अभाव देखिन्छ। भएका पूर्वाधारहरूको पनि उचित व्यवस्थापन गरिएको पाइँदैन।

### ४.२.४ शिक्षकमा तालिमको अभाव

शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी, गुणस्तरीय र व्यवस्थित गर्न शिक्षक तालिम प्राप्त हुन आवश्यक छ। यस अध्ययनमा झापा जिल्ला अन्तर्गत दुर्गापुर स्रोतकेन्द्र

अन्तर्गत हिमाली आधारभूत, अनारमनि स्रोत वीर अमरसिंह मा. वि. र शनिश्चरे स्रोतकेन्द्र भानु मा.वि.मा प्रायः शिक्षकहरू शैक्षिक रूपमा तालिम प्राप्त नै भएको पाइयो। शिक्षकहरू विद्यालयमा छात्रछात्रामा लैङ्गिक समानता कायम गराउने सम्बन्धमा सम्बन्धित निकायहरूबाट आफूहरूलाई तालिम हालसम्म प्राप्त नभएको बताउनुहुन्छ। उहाँहरू छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न आफ्नै स्वध्ययन र अनुभवहरू प्रयोग गर्ने गरेको बताउनुहुन्छ। यस सम्बन्धमा सम्बन्धित निकायहरूबाट तालिम प्रदान गरिए व्यवहारिक रूपमा सक्षमता प्राप्त गर्न सकिने धारणा रहेको पाइन्छ। छात्रछात्रालाई लैङ्गिक विभदेरहित वातावरणमा अध्यापन गर्न छात्राहरूको मनोवल उच्च पार्न, शिक्षकहरूलाई लैङ्गिक समानता सम्बन्धी तालिमहरू निरन्तर रूपमा प्रदान गर्नुपर्ने देखिन्छ।

यसरी हेर्दा शिक्षकहरूमा छात्रछात्रामा लैङ्गिक सामनता कायम गराउन ज्ञान र क्षमता भए पनि व्यवहारगत रूपमा सीप र दक्षताको कमी भएको हुनाले प्रभावकारी रूपमा कार्यान्वयन नभएको पाइन्छ।

### ४.२.५ पाठ्यपुस्तकमा लैङ्गिक समानता सम्बन्धी विषयवस्तुको कमी

शिक्षकले पाठ्यक्रम अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न पाठ्यपुस्तक नै भरपर्दो साधनको रूपमा रहेको हुन्छ। पाठ्यपुस्तकको माध्यमबाट नै विद्यार्थीमा पाठ्यक्रमको उद्देश्य अनुसार अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। पाठ्यपुस्तक नै यस्तो साधन हो। जसबाट विद्यार्थीहरूको धारणा र मान्यतामा परिवर्तन गर्न सकिन्छ। उनीहरूको चेतनास्तरलाई बृद्धि गर्न सकिन्छ। पाठ्यपुस्तक समयसापेक्ष हुनुपर्छ। लैङ्गिक समानताका विषयवस्तुहरू पनि पाठ्यपुस्तकमा समेटिनु आवश्यक देखिन्छ तर पाठ्यपुस्तकमा यस सम्बन्धी विषयवस्तुको कमी छ। तथ्याङ्क सङ्कलनको क्रममा पाठ्यपुस्तकमा लैङ्गिक मित्रवत विषयवस्तुको कमी देखिन्छ। शिक्षकलाई शिक्षण सिकाई क्रियाकलापमा छात्रछात्रामा लैङ्गिक मित्रवत विषयमा अन्तरक्रिया र छलफल पर्याप्त मात्रामा गर्न समस्या देखिन्छ।

यसरी हेर्दा पाठ्यपुस्तकमा लैङ्गिक समानता सम्बन्धी विषयवस्तु पर्याप्त समेटिनु आवश्यक छ। साथै विद्यालयको स्थानीय पाठ्यक्रम निर्माण गरिँदा पनि लैङ्गिक समानता सम्बन्धी विषयवस्तुलाई पर्याप्त मात्रामा समेटिनु पर्ने देखिन्छ।

### ४.२.६ विद्यालय व्यवस्थापन समितिको भूमिका प्रष्ट नहुनु

शिक्षा ऐन २०२८ (संशोधन सहित) अनुसार, सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा १० जना सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने गर्दछ। जसमा अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएको तीनजना सदस्यमा एकजना महिला अनिवार्य हुनु पर्दछ। यसरी विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामै महिला सदस्य समावेश गर्नुपर्ने देखिन्छ। यसै अनुरूप अध्ययन क्षेत्रका नमूना विद्यालयमा वि.व्य.स. गठन गरिएको पनि पाइन्छ।

विद्यालयमा लैङ्गिक मैत्री वातावरण स्थापनाको लागि मुख्य दायित्व पनि वि.व्य.स.को नै रहने गर्दछ तर तथ्याङ्क सङ्कलनको क्रममा वि.व्य.स. को.दायित्व शैक्षिक पक्ष भन्दा भौतिक र आर्थिक पक्षमा नै बढी देखिन्छ। छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न छात्रावृत्ति, प्रोत्साहन, पुरस्कार जस्ता कार्यक्रम लागू गरिएपनि अन्य पक्षमा ध्यान पुग्न सकेको छैन। विद्यालयमा वि.व्य.स.को भूमिका प्रष्ट हुन नसकेको पाइन्छ। यसले गर्दा विद्यालयमा शैक्षिक वातावरण लैङ्गिक मैत्री बनाउन समस्या देखिन्छ। यसर्थ सम्बन्धित निकायबाट वि.व्य.स.लाई सक्रीय बनाई मार्गदर्शन गर्न चेतनामूलक कार्यक्रम आयोजना गरिनुपर्छ।

### ४.२.७ महिला शिक्षिकाको कमी

शिक्षा नियमावली २०५९ (संशोधन सहित) मा प्राथमिक विद्यालयमा ३ जनासम्म दरबन्दी भए कम्तिमा १ जना, ७ जनासम्म शिक्षक दरबन्दी भए कम्तिमा २ जना र सो भन्दा बढी शिक्षक दरबन्दी भए कम्तिमा ३ जना महिला शिक्षिका पद रहने छ भनी व्यवस्था गरिएको छ।

विद्यालयमा छात्राहरूको समस्या सुन्न, बुझ्न र समाधानका लागि महिला शिक्षिकाको आवश्यकता पर्ने गर्दछ। छात्राहरूले निसंकोच आफ्नो समस्याहरू महिला शिक्षिकासँग राख्न सक्छन्। यसर्थ विद्यालयमा छात्रछात्रामा लैङ्गिक समानता कायम गराउन महिला शिक्षिकाहरू बढी कार्यरत रहनु पर्दछ। यस अध्ययनमा हिमाली आधारभूतमा जम्मा शिक्षक १५ जनामा शिक्षकहरूमध्ये महिला शिक्षक ५ र पुरुष शिक्षक

१० छन् । श्री वीर अमरसिंह मा.वि र भानु मा.वि.मा पनि पुरुषहरूको तुलनामा महिला शिक्षक कम रहेको पाइयो ।

यसरी हेर्दा महिला शिक्षकहरू पुरुष शिक्षकको तुलनामा कम नै अध्यापनरत देखिनुहुन्छ । यस सम्बन्धमा सम्बन्धित पक्षहरूबाट चासो लिई विद्यालयमा महिला शिक्षिकाहरूको व्यवस्थामा ध्यान दिनु पर्ने देखिन्छ ।

### ४.२.८ वि.नि. र स्रोतव्यक्तिहरूबाट विद्यालयमा नियमित सुपरिवेक्षणको अभाव

शिक्षा ऐन २०२८ (संशोधन सहित) मा निरीक्षकको काम, कर्तव्य र अधिकारमा प्रत्येक महिनामा कम्तिमा १ पटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने भनी उल्लेख गरिएको छ ।

यसरी हेर्दा वि.नि. र स्रोतव्यक्तिहरूबाट विद्यालयमा कम्तिमा १ पटक मात्र नभएर नियमित अनुगमन र सुपरिवेक्षण गर्नु पर्ने देखिन्छ तर विविध कारणवश वि.नि. र स्रोतव्यक्तिहरूबाट नियमित अनुगमन नभएको देखिन्छ ।

विद्यालयमा आवश्यक सल्लाह, सुझावको अभाव देखिन्छ । साथै प्र.अ. शिक्षक, वि.व्य.स.लाई छात्रछात्रामा लैङ्गिक समानता कायम गराउने सम्बन्धमा मार्गदर्शन र सहयोगको कमी रहेको देखिन्छ ।

## ४.३ लैङ्गिक समानता कायम गर्नका लागि गरिनुपर्ने उपाय

विद्यालयमा लैङ्गिक समानता कायम गर्न निश्चय पनि विविध समस्याहरू रहेका छन् । उक्त समस्या समाधानका लागि विद्यालय र सम्बन्धित निकायहरूबाट अवलम्वन गरिएका उपायहरूको पनि विश्लेषण गरिनु जरुरी छ ।

अध्ययन क्षेत्रभित्रका विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति, वि.नि.हरूसँग गरिएको प्रश्नावलीका आधारमा प्राप्त प्रतिक्रियाहरूलाई यसप्रकार विश्लेषण गरिएको छ ।

### ४.३.१ भौतिक सुधार

छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न विद्यालयका भौतिक पूर्वाधारहरू पनि लैङ्गिक मैत्री हुन आवश्यक छ । प्र.अ.हरूका अनुसार विद्यालयमा छात्राहरूलाई सहज र उपयुक्त हुने डेस्क, बेन्च र शौचालयको व्यवस्था गरिएको छ । सम्बन्धित निकायहरूबाट पनि विद्यालयमा भौतिक पूर्वाधार निर्माणको क्रममा छात्रछात्राको लागि छुट्टाछुट्टै

शौचालयको व्यवस्थाको लागि प्राथमिकता दिने गरिन्छ। यसरी हेर्दा विद्यालय र सम्बन्धित निकायहरूबाट छात्रछात्रामा लैङ्गिक समानताका लागि अन्य भौतिक पूर्वाधारहरूमा पनि विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। शौचालय मात्र नभएर कक्षाकोठा, खेलमैदान, पुस्तकालय, प्रयोगशाला जस्ता महत्वपूर्ण भौतिक पूर्वाधारलाई लैङ्गिक मैत्री बनाउनु पर्छ। विद्यालयमा शुद्ध पानीको व्यवस्था गर्ने आवश्यक छ। छात्रा र महिला शिक्षिकाको लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसर्थ विद्यालय र सम्बन्धित निकायहरूबाट विद्यालयको सम्पूर्ण वातावरण लैङ्गिक मैत्री बनाउन छात्रछात्रा विशेषगरी छात्रालाई अनुकुल हुने गरी भौतिक पूर्वाधार निर्माण गरिनुपर्छ।

### ४.३.२ शैक्षिक सुधार

छात्रछात्रामा लैङ्गिक समानता कायम राख्न विद्यालयबाट पनि विभिन्न प्रयासहरू गरिएको पाइन्छ। प्र.अ.हरूका अनुसार विद्यालयमा अध्ययन अध्यापन क्रियाकलापलाई लैङ्गिक मैत्री बनाउन छात्रावृत्तिको व्यवस्था मिलाइन्छ। प्रतिभाशाली छात्रछात्रालाई वि.व्य.स.को निर्णयबाट पुरस्कार पनि प्रदान गरिन्छ। कक्षा तथा विद्यालयको हाताभित्र गरिने अतिरिक्त क्रियाकलापमा दुवैलाई भाग लिन प्रोत्साहित गरिन्छ। बालक्लवमा छात्रछात्रालाई समान सहभागिता गरिन्छ। शिक्षक तथा शिक्षिका दुवैलाई शैक्षिक कार्यमा संलग्न गराइन्छ। विद्यालय परिवारबाट छात्रछात्रामा समान व्यवहार गरिन्छ। विभिन्न शैक्षिक क्रियाकलापमा नेतृत्व समेत छात्राहरूलाई दिने गरिन्छ। विद्यार्थी भर्ना समयमा नै अभिभावकहरू सल्लाह र सुझाव दिने गरिन्छ।

यस्तै शिक्षकहरूका अनुसार छात्रछात्रा दुवैलाई समान ढङ्गले शिक्षण सिकाइमा क्रियाशील गरिन्छ। कक्षामा समूह विभाजन गरी छात्राको प्रतिनिधित्व बढाउने सँगै समूहको टोली नेता पनि छात्रालाई नै बनाइन्छ।

विद्यालयका वि.नि., स्रोतव्यक्तिहरूका अनुसार पनि सम्बन्धित निकायबाट लैङ्गिक समानताको लागि छात्रवृत्तिको व्यवस्थाको साथै हाल सह-शिक्षा, एउटै पाठ्यक्रम, एउटै परीक्षा प्रणाली, समान शिक्षण पद्धति र समान मूल्याङ्कन पद्धति जस्ता कार्यक्रमहरू लागू गरिएका छन्। यस्तै विद्यालयमा लैङ्गिक समानता कायम गर्न विद्यालयलाई संघसंस्थाबाट प्रदान गरिएको सहयोग सम्बन्धमा वि.व्य.स.का पदाधिकारीका अनुसार केही संघसंस्थाबाट

बालक्लव निर्माण गर्न, छात्रछात्रामा लैङ्गिक चेतनामूलक कार्यक्रम आयोजना गर्न सहयोग प्रदान गरिएको छ ।

यसरी हेर्दा विद्यालयमा छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न र लैङ्गिक मैत्री वातावरण स्थापना गर्न सम्बन्धित पक्षहरूबाट पहल चालिएको देखिन्छ तर पनि छात्रछात्रा बीच रहेको लैङ्गिक विभेद हटाउन र असमानतालाई कम गर्न पर्याप्त देखिँदैन। छात्रछात्राबीच रहेको लैङ्गिक असमानतालाई सूक्ष्म रूपमा विश्लेषण गरी समाधानका उपायहरू अवलम्वन गरिएको पाइँदैन ।

अभिभावकमा रहेको परम्परागत सामाजिक, धार्मिक, सांस्कृतिक धारणालाई परिवर्तन गरी उनीहरूलाई चेतनशिल र जागृत बनाउनु पर्ने हुन्छ। छात्रछात्रा स्वयंभित्र चेतना जागृत गराउन उनीहरूलाई मनोवैज्ञानिक रूपबाट सुझाव र सहयोग प्रदान गर्नुपर्ने हुन्छ।

शिक्षकहरूलाई लैङ्गिक समानता सम्बन्धी तालिम प्रदान गरिनु आवश्यक देखिन्छ। विद्यालयमा अध्यापन गरिने विषयवस्तुमा लैङ्गिक मैत्री विषयवस्तु पर्याप्त रूपमा समेटिनु पर्छ। विद्यालयमा लैङ्गिक मैत्री वातावरण स्थापना गर्न वि.व्य.स.ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। वि.नि., स्रोतव्यक्ति लगायत विद्यालयका अनुगमन सुपरिवेक्षण कर्ताबाट छात्रछात्रामा लैङ्गिक समानता कायम गराउन सम्बन्धित पक्षहरूमा सल्लाह सुझाव प्रभावकारी रूपमा निरन्तर प्रदान गरिनुपर्छ।

सम्बन्धित निकायहरू र संघसंस्थाबाट विद्यालयको शैक्षिक गुणस्तर र प्रभावकारी शिक्षण सिकाइको लागि छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न दीर्घकालीन कार्यक्रमहरू आयोजना गरिनुपर्ने देखिन्छ।

आजको हाम्रो आवश्यकता बालबालिकालाई विद्यालयमा पु¥याउनु मात्र होइन, सबै विद्यालयहरुलाई बालबालिकाको इच्छाअनुसार उपयुक्त शिक्षाको व्यवस्थापन गर्न सक्ने बनाउनु पनि हो । यसैकारण बाल अधिकार सम्बन्धी महासन्धीले पनि बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । सोही महासन्धीले सबै बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि विना कुनै भेदभाव गुणस्तरीय शिक्षा पाउनु पर्ने आवश्यकता पनि स्विकारेको छ । यसै अधिकारलाई सुनिश्चित गर्न नेपालको अन्तरिम संविधान तथा शिक्षा सम्बन्धी विविध दस्तावेजहरुले समेत मार्गनिर्देश गरेका छन् ।

□ शिक्षक तयारीलाई पाठ्यक्रम संशोधन प्रक्रियाको एक अभिन्न अङ्गका रूपमा लिनुपर्दछ । पाठ्यक्रम लागू गर्नु अघि शिक्षकलाई निश्चित रूपमा तयार पार्नुपर्दछ । विद्यालयहरूमा शिक्षिका सङ्ख्या पर्याप्त भए तापनि कतिपय विद्यालयहरूमा छात्रा-मैत्री वातावरण छैन । छात्रा, शिक्षिका, अभिभावक आदिका भनाइअनुसार विद्यालयमा छात्रा-मैत्री वातावरणका लागि निम्नानुसारका आवश्यक तत्वहरू पहिचान गरिएका छन् : विद्यालयमा बढी सङ्ख्यामा शिक्षिका हुनुपर्ने, छुट्टै चर्पी तथा पानीको व्यवस्था हुनुपर्ने, व्यवस्थित पुस्तकालय हुनुपर्ने, पर्याप्त खेलकुद सामग्री तथा मैदान हुनुपर्ने, विद्यालय पोसाक तथा खाजाको व्यवस्था हुनुपर्ने जस्ता कुराले प्रभाव पार्दछ । शिक्षक व्यवस्थापन सम्बन्धमा स्पष्ट किटानी गरिएको देखिँदैन । यसरी हेर्दा शिक्षक अहिले पनि केन्द्र र प्रदेश सरकारप्रति नै उत्तरदायी हुने देखिन्छ । व्यवस्थापन समिति र स्थानीय सरकारबीचको सम्बन्धबारेमा पनि उचित सम्बोधन भएको देखिँदैन । यसले गर्दा स्थानीय सरकार र शिक्षा व्यवस्था सम्बन्धमा अझै अन्योल नै छ । शिक्षक र अभिभावकको सुमधुर सम्बन्धलाई स्थानीय सरकार गठनपश्चात् पनि कुनै सकारात्मक सन्देश आउन सकेको छैन ।

एउटा सामुदायिक विद्यालय राम्रो बन्न त्यहाँका शिक्षक, अभिभावक र सरकारी संयन्त्रको उचित समन्वयविना सम्भव छैन । यस्ता कुरालाई अझै हामीले उचित ढङ्गले नीति निर्माण गर्न सकेका छैनौं र व्यावहारिक रूपमा कार्यान्वयनको बाटो पनि अवलम्बन गर्न नसक्दा नै सामुदायिक विद्यालयको स्तर खस्कँदा नगरपालिका वा गाउँपालिका मुक दर्शक भएर बस्नुपर्ने स्थिति छ । यसले गर्दा शिक्षाको स्तरमाथि उठ्ने र विद्यालय व्यवस्थापनमा सुधार आउने कुरा कम आशावादी बन्ने अवस्था छ । विद्यमान शिक्षा व्यवस्थामा स्थानीय सरकारले शिक्षक व्यवस्थापनबारे मौन देखिन्छ । केन्द्रले शिक्षक नियुक्ति, तलब पठाइदिन्छ । निकासा दिने काम स्थानीय सरकारको हुन्छ । शिक्षाको नवौं संशोधनले स्थानीय सरकारको भूमिकाबारे खासै सम्बोधन देखिँदैन । सामुदायिक विद्यालयको स्तर नउकासी हुँदैन, यसका लागि शिक्षामा स्थानीय गाउँपालिका र नगरपालिकालाई बढी जिम्मेवारी तुल्याउने नीति नियम आउनुपर्थ्यो त्यो हुन सकेको छैन ।

संविधानले माध्यामिक शिक्षाको जिम्मा स्थानीय सरकारलाई दिएको छ तर शिक्षाको नवौं संशोधनले यसैमा हस्तक्षेप गर्ने हो भने कसरी सामुदायिक विद्यालयप्रतिको स्थानीय सरकारको दायित्व निर्वाह हुने ? गुणस्तरीय शिक्षाविना मुलुकको विकास सम्भव छैन । यसका लागि स्थानीय अभिभावक जागरुक हुनुपर्छ ।

# अध्याय पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

यस अध्ययनमा झापा जिल्लाअन्तर्गत तीनवटा स्रोतकेन्द्रका तीनवटा सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्रामा लैङ्गिक समानताको स्थिति पहिचान गर्न, विद्यालयमा लैङ्गिक समानता कायम गर्न देखिएका समस्याहरू विश्लेषण गर्न र उक्त समस्या समाधानक उपायहरू प्रस्तुत गर्न यो अनुसन्धान गरिएको थियो । अनुसन्धानको क्रममा विभिन्न प्रकारका विधि, साधन र प्रक्रियाहरूको अवलम्वन गर्दा यसबाट निम्नानुसारको प्राप्ती, निष्कर्ष र सुझाव दिइएको छ ।

## ५.१ प्राप्ति

सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्राको लैङ्गिक समानताको स्थिति पहिचान गर्न अध्ययन क्षेत्रभित्रका विद्यालयका विविध पक्षहरूमा अध्ययन विश्लेषण गरिएको थियो । यसमा नि.मा.तहमा अध्ययनरत छात्रछात्रा प्रा.वि. तह उत्तीर्ण गरी आएका र मा.वि. तहको लागि तयारी अवस्थामा रहेका हुनाले विशेष प्राथमिकता दिइएको थियो ।

शिक्षक र छात्रछात्राबीचको सम्बन्ध अध्ययन गर्दा दुवैबीच सम्बन्ध सकारात्मक नै पाइयो । शिक्षकबाट दुवैसँग समान सम्बन्ध राख्न प्रयास गरिएको पाइयो । शिक्षकबाट छात्र र छात्राप्रति गरिने व्यवहार पनि समान नै पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा छात्र र छात्राको सहभागिता सन्तोषजनक नै पाइयो । तर अझै पनि छात्राहरू छात्रको तुलनामा सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नभएको पाइयो । शिक्षक र छात्रछात्राबीचको अन्तरक्रिया हेर्दा छात्रको तुलनामा छात्रासँग अन्तरक्रिया कम हुने पाइयो । छात्राहरूमा रहेको मानसिक संकोच, हिनता, डर, त्रासको कारण अन्तरक्रियामा कम सहभागिता हुने गरेको पाइयो । यसैगरी छात्र र छात्राबीच अन्तरक्रिया र छलफल भए पनि अझै पनि पूर्णरूपमा हुन नसकेको पाइयो । विद्यार्थीहरूको बसाइ व्यवस्था समतामूलक नभएको पाइयो । छात्र र छात्राबीच लैङ्गिक विभेदले गर्दा शिक्षण सिकाई क्रियाकलापमा असहजता रहेको पाइयो भने विद्यालयबाट पनि यस सम्बन्धमा कमै पहल गरिएको पाइयो ।

छात्र र छात्राको सहभागिता अतिरिक्त क्रियाकलापमा समान नरहेको पाइयो । छात्रहरूको तुलनामा छात्राहरूको सहभागिता कम रहेको पाइयो । छात्र र छात्राप्रति उनीहरूको अभिभावकको धारणा बुझ्दा लैङ्गिक रूपमा भेदभाव नगरे पनि व्यवहारगत रूपमा अझै पनि असमानता रहेको पाइयो

छात्र र छात्राको नियमितताको अवस्थामा अध्ययन गर्दा छात्रको तुलनामा छात्रा नै बढी अनियमित र गयल हुने पाइयो । जसमा पारिवारिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक कारणका साथै कक्षाकोठामा छात्रछात्राबीच रहेको लैङ्गिक विभेद पनि प्रमुख कारकतत्वको रूपमा रहेको पाइन्छ । यसैगरी लैङ्गिक समानता कायम गर्न देखिएका समस्याहरूको अध्ययन गर्दा अभिभावकहरूमा चेतनाको कमी रहेको पाइयो । अभिभावकहरूको सोचाइमा परिवर्तन आए पनि व्यवहारगत रूपमा छोरा र छोरीमा समानता कायम गर्न नसकिएको पाइयो । अझै पनि अभिभावकहरू परम्परागत सामाजिक, सांस्कृतिक, धार्मिक मूल्य मान्यताले जरा गाडिएको पाइयो । घरायसी काम र आयआर्जनको काममा पनि छोराभन्दा छोरीले खटिनुपर्ने बढी पाइयो । विद्यार्थी स्वयंममा पनि चेतनाको कमी पाइयो । लैङ्गिकताको कारण छात्र र छात्राबीच नै असमझदारी र असमानता पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा एकअर्काप्रति असहयोग गर्ने प्रवृत्ति देखियो ।

विद्यालयको भौतिक पूर्वाधार लैङ्गिक मैत्री नभएको पाइयो । छात्रछात्राको समतामूलक बसाइ व्यवस्थापनको लागि कक्षाकोठाको उचित व्यवस्थापन नभएको पाइन्छ । प्रायः छात्र र छात्राको शौचालय छुट्टाछुट्टै व्यवस्था नगरिएको पाइयो भने व्यवस्था भएको ठाउँमा पनि उचित व्यवस्थापन नगरिएको पाइयो । शौचालय र पिउनको लागि पानीको अभाव पाइन्छ । जसबाट छात्राहरू नै बढी पीडित हुनुपर्ने देखिन्छ ।

प्राकृतिक र सामाजिक कारणले महिला शिक्षिका र छात्राहरूको लागि आराम गर्ने, लुगा फेर्ने वा आफूलाई व्यवस्थित पार्न छुट्टै कोठाको आवश्यकता परेपनि व्यवस्था नगरिएको पाइन्छ । यसैगरी छात्रछात्रा दुवैले सहज ढङ्गले प्रयोग गर्ने किसिमले खेलमैदान, पुस्तकालय, प्रयोगशाला र कक्षाकोठाको व्यवस्थापन नगरिएको पाइयो ।

शिक्षकहरू शैक्षिक रूपमा तालिम प्राप्त हुनु भए पनि सम्बन्धित निकायहरूबाट लैङ्गिक समानता सम्बन्धी तालिम प्राप्त नगर्नु भएको पाइयो ।

वर्तमान अवस्थामा पाठ्यपुस्तकमा लैङ्गिक समानता सम्बन्धी विषयवस्तु समेटिए पनि पर्याप्त रूपमा रहेको पाइँदैन । जसले गर्दा शिक्षकमा छात्रछात्रामा लैङ्गिक समानता सम्बन्धी चेतनाको अभिवृद्धि गर्न समस्या रहेको पाइयो ।

वि.व्य.स. को दायित्व शैक्षिक पक्षभन्दा आर्थिक र भौतिक पक्षमा बढी पाइयो। जसले गर्दा विद्यालयमा लैङ्गिक समानता कायम राख्न वि.व्य.स.को भूमिका कम रहेको पाइयो।

विद्यालयबाट छात्रछात्रामा लैङ्गिक समानता कायम राख्न शैक्षिक सुधार अन्तर्गत छात्रावृत्तिको व्यवस्था, अतिरिक्त क्रियाकलापमा समान सहभागिता, शि.सि.क्रि.मा समान अवसर दिए पनि प्रभावकारी र पर्याप्त नभएको पाइयो भने भौतिक कार्यअन्तर्गत पनि प्रभावकारी र पूर्ण कार्य भएको पाइँदैन।

सम्बन्धित निकायहरूबाट पनि विद्यालयमा मुख्यत छात्रावृत्तिको व्यवस्था, सहशिक्षा एउटै पाठ्यक्रम, एउटै परीक्षा प्रणाली, समान शिक्षा पद्धति र समान मूल्याङ्कन पद्धति जस्ता कार्यक्रमहरू लागू गरिएको पाइयो। भौतिक पूर्वाधार निर्माण गर्दा पनि छात्रछात्राको लागि छुट्टाछुट्टै व्यवस्थाको लागि प्राथमिकता दिने गरिएको पाइयो। संघसंस्थाबाट पनि बालक्लव निर्माण गर्न, छात्रछात्रामा लैङ्गिक चेतनामूलक कार्यक्रम आयोजना गर्न सहयोग प्रदान गर्ने गरिएको पाइयो। यसरी सम्बन्धित निकायहरू र संघसंस्थाबाट विद्यालयमा लैङ्गिक समानताको लागि विविध कार्यक्रमहरू लागू गरिए पनि प्रभावकारी हुन नसकिरहेको पाइन्छ। विद्यालयमा अध्ययनरत बालबालिकामा लैङ्गिक समानताको स्थिति कम पाइन्छ।

## ५.२ निष्कर्ष

वर्तमान समयमा लैङ्गिक समानता र छात्रा शिक्षा प्रमुख मुद्दाको रूपमा उठेको छ। यसै सन्दर्भमा विद्यालयमा अध्ययनरत बालबालिकाको लैङ्गिक समानताको स्थिति पहिचान गर्न यो अध्ययन गरिएको छ। छात्रछात्राबीच लैङ्गिक समानता कायम गर्न सम्बन्धित निकायहरूबाट विविध कार्यक्रमहरू लागु गरिएको छ। शिक्षासँग सम्बन्धित गैरसरकारी निकायहरू संघसंस्थाबाट पनि कार्यक्रमहरू संचालन गरिएको छ। विद्यालयबाट पनि शैक्षिक र भौतिक सुधार अन्तर्गत पहल गरिएको छ तर पनि नतिजा उपलब्धिमूलक र सन्तोषजनक छैन। कारण अझै पनि समस्यालाई सतही रूपमा मात्र हेरिन्छ। सूक्ष्म रूपमा समस्याको पहिचान र विश्लेषण भएको छैन। ऐन नियममा पनि छात्रा र महिला शिक्षाको लागि प्राथमिकता दिए पनि व्यवहारगत प्रभावकारी रूपमा लागु भएको पाइँदैन।

शिक्षण सिकाई क्रियाकलापमा छात्रहरूको तुलनामा छात्राहरू कम सक्रिय छन् । छात्रहरूको सहभागिता र अग्रसरता छात्राको भन्दा बढी छ । शिक्षकबाट समान सम्बन्ध व्यवहार र दुवैलाई समान रूपमा शिक्षण सिकाई क्रियाकलापमा सहभागी गरे पनि छात्राहरू छात्रभन्दा पछाडि नै छन् । शिक्षक सँग पनि छात्राहरूभन्दा छात्रहरू नै बढी अन्तरक्रिया गर्न रुचाउँछन् । विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा पनि छात्रकै सहभागिता बढी छ । छात्रहरू नै छात्राहरूभन्दा बढी नियमित छन् । छात्र र छात्राबीच सम्बन्धित विषयवस्तुका समस्या र समाधान गर्न अन्तरक्रिया र छलफलको कमी छ । लैङ्गिकताको कारण छात्रछात्राबीच असमानता छ ।

यसरी हेर्दा लैङ्गिक समानताको लागि विद्यालय, सम्बन्धित निकाय र संघ संस्थाबाट गरिएका प्रयासहरू अपुग छन् । छात्रछात्राबीच लैङ्गिक समानता कायम गर्न देखिएका समस्याहरूमा अभिभावकहरूमा चेतनाको कमी, विद्यार्थी स्वयम्मा चेतनाको कमी, विद्यालयको भौतिक पूर्वाधार छात्रछात्रालाई लक्षित गरी निर्माण नगरिनु, शिक्षकमा लैङ्गिक समानता सम्बन्धी तालिमको अभाव, पाठ्यपुस्तकमा लैङ्गिक समानता सम्बन्धी विषयवस्तुको कमी, वि.व्य.स.को भूमिका प्रष्ट नहुनु, महिला शिक्षिकाको कमी, वि.नि. र स्रोतव्यक्तिबाट विद्यालयमा नियमित सुपरिवेक्षणको अभाव जस्ता कारणहरू देखिन्छन् ।

छात्र र छात्रा दुवैको समान सहभागिता र सक्रियताबाट मात्र प्रभावकारी र गुणस्तरीय शिक्षण सिकाइ हुन्छ । दुवैलाई समान अवसर र वातावरण दिनु आवश्यक छ । दुवैको अन्तरनिहित क्षमता र प्रतिभा प्रष्फुटन गर्न विद्यालयमा लैङ्गिक मैत्री वातावरण स्थापित हुनुपर्छ तर वास्तविकता हेर्दा छात्रछात्राबीच लैङ्गिक असमानता कायम छ । छात्रको तुलनामा छात्राहरूले खुलेर आफ्ना समस्या शिक्षक, साथीभाई र आफ्नै अभिभावकसँग पनि राख्न सकेका छैनन् ।

छात्राहरूमा स्वभावतः संकोचता र कमजोर मनोवल छ । परम्परागत पारिवारिक, सामाजिक, सांस्कृतिक र धार्मिक मान्यताअनुरूप उनीहरूमा संकोची भावनाहरू उत्पन्न हुने गर्दछ । संकोचको कारण आफ्नो प्रतिभा र क्षमता अरू समक्ष राख्न असहजता महसुस गर्दछन् । यही असहजनताबाट नै उनीहरूको मनोबल कमजोर रहन्छ । यही कमजोर मनोबलको कारण शिक्षण सिकाई क्रियाकलापमा छात्राहरू छात्रहरूको तुलनामा कम सक्रिय रहन्छन् । छात्राहरूमा डर, त्रास र भय उत्पन्न भई हिनताको भावना सृजना हुने गर्छ । जसले गर्दा शिक्षक, साथीभाइ, अभिभावकसँग कम अन्तरक्रिया गर्ने गर्छन् । जसको

फलस्वरूप शिक्षाको उद्देश्य अनुरूप छात्राहरूमा अपेक्षित रूपमा प्रगति र विकास गर्न समस्या रहन्छ। झन विद्यालयको वातावरण लैङ्गिक मैत्री नभएमा वा छात्रछात्राबीच असमानता र भेदभावलाई व्यवहार भएमा छात्राहरूपूर्ण रूपमा कमजोर मानसिकता र दबाबमा शिक्षण सिकाई क्रियाकलापमा सहभागी हुन बाध्य हुन्छन्।

छात्राहरूमा मात्र नभएर छात्रहरूमा पनि संकोचीपन केही मात्रामा रहेको छ। छात्रहरू पनि छात्रामा सम्बन्धित पाठ्यवस्तुमा अन्तरक्रिया र छलफल गर्न संकोच महसुस गर्छन्। छात्रहरू पनि परम्परागत मान्यताका कारण आफूलाई परिवर्तन गर्न सकेका छैनन्।

विद्यालय र पारिवारिक वातावरण पनि पूर्ण रूपमा लैङ्गिक मैत्री बन्न सकेको छैन। छात्रछात्राबीच लैङ्गिक समानता कायम गर्न विद्यालय र अभिभावकको भूमिका पनि महत्वपूर्ण रहने गर्छ। छात्रछात्रालाई नियमित विद्यालय पठाउन र उनीहरूको समस्या बुझ्नु अभिभावकको दायित्व रहन्छ भने विद्यालय प्रशासन र शिक्षकहरूबाट पनि छात्रछात्राबीच समानताको लागि प्रयास गर्नु जरुरी रहन्छ। सम्बन्धित निकाय र संघसंस्थाबाट पनि प्रभावकारी कार्यक्रम लागू गर्नुपर्छ।

आजको २१ औं शताब्दीमा परिवर्तित शिक्षा प्रणाली अनुरूप छात्रछात्राबीच लैङ्गिक समानता हुन जरुरी छ। छात्रछात्रामा लैङ्गिक समानता कायम भएमा विद्यालय मात्र नभएर परिवार, समाज र राष्ट्रकै लागि उपलब्धिमूलक हुन्छ।

यसर्थ छात्रछात्राबीच रहेको लैङ्गिक असमानतालाई कम गर्न समाजमा प्रचलित परम्परागत रुढीवादी मान्यतालाई हटाउन आवश्यक छ। यसबाट मात्र छात्रछात्रामा मुख्यतः छात्राहरूमा रहेको संकोच र कमजोर मानसिकतालाई परिवर्तन गर्न सकिन्छ। यस परिवर्तनसँगै दबाबरहित वातावरणमा छात्रछात्रा स्वतःस्फूर्त रूपमा शिक्षण सिकाइमा सहभागि हुने गर्छन्। यसको लागि लैङ्गिक मैत्री वातावरण र छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न जरुरी छ।

## ५.३ सुझाव

प्राप्ति र निषकर्षका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकामा लैङ्गिक समानता कायम गर्न विद्यालयमा शैक्षिक तथा भौतिक कार्यमा सुधार गरी समयसापेक्ष शिक्षा प्रणालीमा सुधार गर्ने नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहका लागि छुट्टाछुट्टै सुझाव दिइएको छ। जुन यसप्रकार छ :

### ५.३.१ नीति निर्माण तह

विद्यालयमा प्रभावकारी रूपमा लैङ्गिक समानता कायम गर्न नीति निर्माण तहले पूर्ण रूपमा प्रतिवद्ध भई शिक्षालाई मौलिक अधिकारका रूपमा स्थापित गरी निःशुल्क र अनिवार्य शिक्षा व्यवहारिक रूपमा लागु गराउनु पर्दछ ।

विद्यालयमा छात्राहरूको आत्म स्वाभिमान र अन्तरनिहित प्रतिभाको विकास गर्ने, प्रजनन् स्वास्थ्य परामर्श सेवा साथै मनोवल उच्च पार्ने कार्यक्रमहरू लागु गराउनु पर्दछ ।

विद्यालयमा छात्रछात्राको अनुपातमा खानेपानी, शौचालय, सरसफाइ तथा बसाइ व्यवस्थापन र खेलकुद तथा अतिरिक्त क्रियाकलापमा सहज हुने पोसाकसहित छात्रा सहभागिता सुनिश्चित गर्न नीतिगत तहबाट नै अनिवार्य कार्यक्रम ल्याइनुपर्छ ।

छात्रा शिक्षा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन निकायको स्थापना गरी विद्यालयस्तरमै अभिभावकसहितको परामर्श समिति निर्माण गरिनुपर्छ । परम्परागत सामाजिक, सांस्कृतिक, धार्मिक मूल्यमान्यतामा छात्रा माथि गरिने विभेदको अन्त्य गर्ने किसिमका र लैङ्गिक समानता सम्बन्धी चेतनामूलक विषयवस्तु पर्याप्त समेटिएका पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण गरिनुपर्छ ।

प्राकृतिक र सामाजिक कारणबाट छात्रछात्रामा रहेको संकोच र छात्राहरूको कमजोर मानसिकता परिवर्तन गर्न छात्रछात्राका समस्या समाधान गर्न निरन्तर सुझाव दिने परामर्श समिति प्रत्येक विद्यालयमा स्थापना गरिनुपर्छ । शिक्षकहरूलाई लैङ्गिक समानता सम्बन्धी सचेतनामूलक तालिम निरन्तर प्रदान गरिनुपर्छ ।

विद्यालय प्रशासन, वि.व्य.स., अभिभावकहरू र स्वयं छात्रछात्रालाई लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण तालिम दिइनुपर्दछ । छात्रा शिक्षा र लैङ्गिक समानता सम्बन्धी नेपाल पक्ष भएका सन्धि तथा सम्झौताको प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनुपर्छ ।

नीतिगत तहबाट लागू गरिएका महिला छात्रावृत्ति र खाद्यान्न कार्यक्रमलाई अझ बढी प्रभावकारी रूपमा लागू गर्नुपर्ने देखिन्छ । विद्यालयमा छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न स्रोतव्यक्ति र वि.नि.हरूलाई अनुगमन, सुपरीवेक्षण, सल्लाह सुझाव र मूल्याङ्कनको लागि प्रेरित गर्नुपर्ने देखिन्छ । विद्यालयमा प्राथमिक तह देखि नि.मा.र

माध्यमिक तह सम्म नै अनिवार्य ५०% महिला शिक्षिकाले व्यवस्था ऐन नियमावलीमा गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

प्र.अ. विद्यालयको प्रशासक र नेतृत्वकर्ता पनि भएको हुनाले अभिभावक, शिक्षक, विद्यार्थी र वि.व्य.स.लाई मार्गदर्शित गर्नुपर्दछ । विद्यालयमा शिक्षक बैठक, अभिभावक भेला, वि.व्य.स.को बैठकमा छात्रछात्रा सम्बन्धी समस्या राख्न र सबैबाट समाधानका उपायहरू प्राप्त गर्नुपर्दछ । अभिभावकहरूसँग विद्यार्थी भर्नाको समयदेखि लिएर समय-समयमा छलफल र अन्तरक्रिया गरिनुपर्छ । अभिभावकको समस्यालाई पनि बुझी समाधानका उपायहरू पहिचान गर्नुपर्छ ।

शिक्षकहरूले पनि शिक्षण सिकाई क्रियाकलापमा छात्र र छात्रा दुवैलाई सक्रिय बनाउन अन्तरक्रिया र छलफल बढीभन्दा बढी गर्नुपर्छ । छात्राहरूलाई विशेष प्राथमिकता दिई उनीहरूको समस्यालाई बुझ्ने र समाधान गर्ने प्रयास गर्नुपर्छ । उनीहरूलाई अन्तरक्रियाको लागि प्रोत्साहित गर्नुपर्छ । छात्रछात्राहरूमा रहेको कमजोर मनोवललाई परिवर्तित गर्न राम्रो व्यवहारको साथै उत्प्रेरित र प्रोत्साहित गर्न पुरस्कृत गर्नुपर्छ । स्याबास, राम्रो छ, राम्रो गर्दै जाउ, राम्रो काम जस्ता शब्दहरूबाट पुरस्कृत गर्न सकिन्छ । विद्यार्थीहरूको समतामूलक बसाइ व्यवस्थाको लागि शिक्षकले मात्र नभई विद्यालयबाट पनि व्यवस्थापन गर्न पर्ने देखिन्छ । यसको लागि विद्यालयबाट नै प्रभावकारी नीति नियम लागू गर्नुपर्ने देखिन्छ । छात्र र छात्राको अतिरिक्त क्रियाकलापमा समान सहभागिताको लागि शिक्षा र विद्यालयबाट पनि प्रोत्साहित गर्नुपर्ने देखिन्छ । छात्रहरूको रुचिलाई ध्यान दिँदै अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ । यसको लागि सम्बन्धित शिक्षकहरू छात्रछात्रा सम्मिलित अतिरिक्त क्रियाकलाप समिति पनि बनाउन सकिन्छ ।

छात्रछात्रा दुवैलाई नियमित विद्यालय आउने वातावरणको स्थापना गर्नुपर्छ । यसको लागि शिक्षकबाट कक्षाकोठामा लैङ्गिक विभेद हटाउन प्रयास गर्नु पर्छ । विद्यालयबाट छात्रालाई नेतृत्वकर्ताको भूमिका दिनुपर्छ जुन प्रार्थनाको समय, अतिरिक्त क्रियाकलाप वा कुनै पनि शिक्षण सिकाइ सम्बन्धी क्रियाकलाप हुन सक्छ । विद्यालयबाट नियमित रूपमा अभिभावकहरूलाई छात्रछात्राको प्रगति विवरण दिनुपर्दछ । अभिभावकहरूबाट पनि सुझाव र प्रतिक्रिया प्राप्त गरी सो अनुरूप कार्यान्वयन गर्नुपर्छ । छात्रछात्रा र अभिभावकमा लैङ्गिक समानता सम्बन्धी चेतनावृद्धि गर्न समय समयमा चेतनामूलक कार्यक्रम आयोजना

गरिनुपर्छ। शिक्षकबाट पनि शिक्षण सिकाई क्रियाकलापमा लैङ्गिक समानता सम्बन्धी विषयवस्तुलाई प्राथमिकता दिई छात्रछात्रामा सचेतना वृद्धि गर्नुपर्छ। विद्यालयबाट हाल सञ्चालन भैरहेका TPD जस्ता शिक्षक तालिम र अन्य तालिममा पनि लैङ्गिक समानता सम्बन्धी विषयवस्तुको माग सम्बन्धित निकायमा गरिनुपर्छ। विद्यालयबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा लैङ्गिक समानता सम्बन्धी विषयवस्तु पर्याप्त मात्रामा समेट्नको लागि सम्बन्धित निकायहरूमा पहल गर्नु पर्दछ।

यसैगरी स्थानीय पाठ्यक्रम निर्माण गर्दा पनि विद्यालयले लैङ्गिक मैत्री र समानता सम्बन्धी विषयवस्तु समेट्नु पर्छ।

विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई समूहमा विभाजन गर्ने, प्रत्येक समूहको नेतृत्वकर्ता छात्रालाई नै बनाउने गर्नुपर्छ। समूह-समूहबीच अन्तरक्रिया र छलफल बढी भन्दा बढी गर्न लगाउने, छात्रछात्राको समस्या राख्न लगाउने र समाधानका उपायहरू पनि पहिचान गर्न लगाउनु पर्छ। यसैगरी सवै समूहबाट प्रतिनिधित्व हुने गरी समय समयमा छात्रछात्रासँग अन्तरक्रिया र छलफल शिक्षक र विद्यालय प्रशासनबाट गरिनुपर्छ।

अभिभावक छात्रछात्रा र शिक्षकहरूको एक समिति बनाई लैङ्गिकमैत्री वातावरण स्थापनाको लागि प्रेरित गर्नुपर्छ। विद्यालयबाट महिला तथा छात्राविरुद्ध प्रयोग हुने अमर्यादित उखान टुक्का, थेगो, गालीगलौजको प्रयोगमा तथा शारीरिक र मानसिक दुर्व्यवहारमा रोक लगाउने किसिमका लैङ्गिक सम्मानका भावबाट सोचाइ तथा व्यवहारमा विकास गर्न प्रेरित गर्नुको साथै आचरण संहिता लागू गर्नुपर्छ।

वि.व्य.स.ले विद्यालय परिवारसँग सहसम्बन्ध कायम गरी प्रभावकारी शिक्षण र लैङ्गिक मैत्री वातावरण निर्माण गर्न नियमित वैठकको साथै शिक्षक, विद्यार्थी, प्र.अ. र अभिभावकबीच अन्तरक्रिया बढाउनु पर्ने देखिन्छ। विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा लैङ्गिक मैत्री बनाउन पहल गर्नुपर्ने देखिन्छ। विद्यालयमा आर्थिक र भौतिक पक्षमा मात्र ध्यान नदिएर शैक्षिक पक्ष र त्यससँग सम्बन्धित समस्याहरूको समाधान गर्न पनि पहल गर्नुपर्छ। विभिन्न निकाय र संघसंस्था सँग समन्वय गरी विद्यालयलाई लैङ्गिक मैत्री बनाउन पहल गर्नुपर्छ। विद्यालयमा लैङ्गिक मैत्री नीति नियम लागू गर्ने व्यवस्था गर्नुपर्छ। विद्यालयमा सम्पूर्ण छात्रछात्रालाई समान अवसर र वातावरण दिन पहल गर्नुपर्छ। शिक्षकहरू नियुक्ति गर्दा महिला र स्थानीय शिक्षकहरूलाई प्राथमिकता दिनुपर्छ। विद्यार्थी

पनि लैङ्गिक भेदभाव नराखी दुवै शिक्षण सिकाई क्रियाकलापमा सहभागी हुनुपर्छ। विशेषतः छात्राहरूले आफ्नो मनोबल उच्च पार्दै सक्रिय रूपमा शिक्षक र छात्रहरूसँग अन्तरक्रिया र छलफल गर्न सक्नुपर्छ। छात्रछात्राले आफ्ना समस्याहरू शिक्षक, साथीभाइ र अभिभावकहरूसँग खुलेर राख्नुपर्छ। विद्यालय प्रशासन सँग लैङ्गिक मैत्री वातावरण र विद्यालयको भौतिक पूर्वाधार व्यवस्थित र सुरक्षित बनाउनको लागि माग गर्नुपर्दछ।

विद्यार्थीको पहिलो पाठशाला घरलाई नै मानिन्छ। घरबाट नै उनीहरूले आफ्नो आचरण र बानी व्यवहार निर्माण गर्छन्। छात्रछात्राको मनोबल लाई दरिलो बनाउने दायित्व पनि अभिभावककै पहिलो हुन्छ। यसर्थ अभिभावकहरूले आफ्ना छोराछोरीको शैक्षिक प्रगति र क्रियाकलाप बारे विद्यालयबाट जानकारी प्राप्त गर्न स्वयं उत्सुक र क्रियाशील हुनुपर्छ। अभिभावक भेलाहरूमा सक्रियताका साथ समावेश हुनुपर्छ। छोरा र छोरीमा समान व्यवहार गर्नुपर्छ भन्ने धारणा मात्र नराखेर व्यवहारगत रूपमा पनि कार्यान्वयन गर्नुपर्छ। परम्परागत मूल्य र मान्यताबाट छोराछोरी विशेषतः छोरीप्रति भेदभाव गर्नुहुदैन। घरायसी काम र आयआर्जनको काममा छोरीलाई नखटाई विकल्प खोज्न सक्नुपर्छ।

### ५.३.३ अनुसन्धान तह

निश्चय पनि भविष्यमा गएर अध्ययनरत छात्रछात्राको लैङ्गिक समानता सम्बन्धी विविध विषयहरूमा अनुसन्धान गर्न आवश्यक देखिन्छ। अनुसन्धानकर्ताहरूले अनुसन्धानको लागि मुख्यतः छनोट गर्न सक्ने विषयहरूमा छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न विद्यालय प्रशासनको भूमिका कस्तो छ ? छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न वि.व्य.स.को दायित्व कस्तो देखिन्छ ? शिक्षकहरूको छात्रछात्रामा लैङ्गिक समानता कायम गराउन कस्तो भूमिका रहन्छ ? सम्बन्धित निकायहरूबाट विद्यालयमा छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न लागू गरिएका कार्यक्रमहरूको प्रभावकारिता कस्तो देखिन्छ ? विद्यालयका भौतिक पूर्वाधारहरूलाई छात्रछात्राका लागि कसरी अनुकुल बनाउन सकिन्छ ? विद्यालयमा छात्रछात्रामा लैङ्गिक समानता कायम गर्न गरिएका शैक्षिक कार्यहरूको प्रभावकारिता कस्तो छ ? त्यसलाई अझ बढी प्रभावकारी कसरी बनाउन सकिन्छ ? छात्रा र महिलाहरूको हरेक क्षेत्रमा कसरी बढी सहभागिता गराउन सकिन्छ भविष्यमा यसमा अझै बढी अनुसन्धान गर्नुपर्छ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, विष्णुप्रसाद (२०६५), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि., बागबजार ।

अधिकारी, विष्णुप्रसाद र पौडेल, आनन्द (२०६६/६७), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौंः आशिष बुक्स हाउस प्रा.लि., बागबजार ।

अर्याल, शशी (२०६३), *महिला शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा, शिक्षा विभाग, सानोठिमी ।

आचार्य, बलराम (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : युनाइटेड ग्राफिक प्रिन्टर्स प्रा.लि., पुतलीसडक ।

आचार्य, डा. सुसन (२०६३), *महिला शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा, शिक्षा विभाग, सानोठिमी ।

एजुकेशन पेजेज (२०६५), *छात्रा शिक्षा र लैङ्गिक समानता सम्बन्धी सामूहिक प्रतिवद्धता।*

काफ्ले, डा. वासुदेव, विष्ट, डा.मीनबहादुर, सिन्हा, रामस्वरूप र श्रेष्ठ, चन्द्रबहादुर (२०६०), *शैक्षिक योजना,* काठमाडौं : भुँडीपुराण प्रकाशन, बागबजार ।

काफ्ले, डा. वासुदेव, सिन्हा, रामस्वरूप, श्रेष्ठ, चन्द्रबहादुर र बस्नेत, सम्झना (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., कमलपोखरी ।

कोइराला, डा. विद्यानाथ, गौतम, डा. प्रदिपचन्द्र र लुइटेल, रमेशप्रसाद (२०६४) : *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : क्विष्ट पब्लिकेशन, कीर्तिपुर ।

कोइराला, डा.विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६३), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

तिमिल्सिना, विनोद (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : क्षितिज प्रकाशन, कीर्तिपुर ।

नेपाल, जनार्दन (२०६४), *नेपालको शिक्षा प्रणाली, चुनौती र सम्भावना,* काठमाडौं : मकालु प्रकाशन गृह, डिल्लीबजार ।

पाण्डे, टेकनारायण (२०६७), *लैङ्गिक समविकास शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा, शिक्षा विभाग, सानोठिमी ।

पौडेल, डा. आनन्द (२०६७), *लैङ्गिक समविकास शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा, शिक्षा विभाग, सानोठिमी ।

शिक्षा ऐन (२०२८), (सातौं संशोधन सहित), काठमाडौं : मकालु प्रकाशन गृह, डिल्लीबजार, *शिक्षा नियमावली* (२०५९), (छैठौं संशोधन सहित), काठमाडौं : मकालु प्रकाशन गृह, डिल्लीबजार ।

शिक्षा विभाग (२०६७), *आधारभूत समाहित शिक्षा तालिम पुस्तिका,* भक्तपुर : समाहित शिक्षा शाखा, सानोठिमी ।

शिक्षा विभाग, (२०६३), *समाहित शिक्षा र बालमैत्री विद्यालय,* भक्तपुर : समाहित शिक्षा शाखा सानोठिमी ।

शिक्षा मन्त्रालय, (२०७३), *जेन्डर प्रशिक्षक पुस्तिका,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

शिक्षा मन्त्रालय, (२०६७), *लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

शिक्षा मन्त्रालय, (२०६५), *नेपालमा बालिका र महिला शिक्षामा भएका प्रयास,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

सिन्हा, रामस्वरूप, (२०६३), *महिला शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा, शिक्षा विभाग, सानोठिमी ।

सिन्हा, रामस्वरूप, (२०६४), *लैङ्गिक समविकास शिक्षा,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

सिन्हा, डा. रामस्वरूप (२०६७), *लैङ्गिक समविकास शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा शिक्षा विभाग, सानोठिमी ।

सुब्बा शर्मा, डा. अश्लेषा (२०६३), *महिला शिक्षा,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

सुवेदी, रामप्रसाद (२०६७), *लैङ्गिक समविकास शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा शिक्षा विभाग, सानोठिमी

लम्साल, हरिप्रसाद (२०६७), *लैङ्गिक समविकास शिक्षा,* भक्तपुर : लैङ्गिक समविकास शाखा शिक्षा विभाग, सानोठिमी ।

वाग्ले, डा. मनप्रसाद (कार्तिक २०६७), *असफल शिक्षा नीतिका कारण,* कान्तिपुर पत्रिका ।

## अनुसूची - १

### विद्यालयका प्रधानाध्यापकहरूलाई सोधिने अन्तर्वार्ता प्रश्नावली (विषयगत प्रश्न)

विद्यालयको नाम :- मिति :-

प्रधानाध्यापकको नाम :- तह :-

१. तपाई आफ्नो विद्यालयमा शैक्षिक वातावरण लैङ्गिक मैत्री रहेको कसरी पाउनुहुन्छ ?

२. विद्यालयमा प्रभावकारी शिक्षण सिकाइको लागि शैक्षिक वातावरण लैङ्गिक मैत्री हुन कसरी आवश्यक छ ?

३. तपाईको समुदायमा भएका वाल वालिकाहरूको विद्यालयमा के कस्तो सम्लग्नता छ ?

४. तपाईको विद्यालयमा शिक्षण सिकाईको क्रममा शिक्षकबाट छात्रछात्रा दुवैजना संग कस्तो व्यवहार गरिन्छ ?

५. विद्यालयमा अतिरिक्त क्रियाकलापमा छात्र र छात्राको सहभागिता कस्तो छ ?

६. छात्राहरू शिक्षाको मूलधारबाट अलग छन भने उनीहरूलाई कसरी विद्यालयमा प्रवेश गराउन सकिन्छ ?

७. तपाईको विद्यालयमा अध्ययन अध्यापन क्रियाकलापलाई लैङ्गिक मैत्री बनाउन के - कस्ता प्रयासहरू भएका छन् ?

८. सम्बन्धित निकायहरूबाट विद्यालयमा लैङ्गिक समानता कायम गर्न कसरी सहयोगहरू प्रदान गरिएको छ ?

९. विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरू बीच लैङ्गिक समानताको स्थिति के कस्तो रहेको छ

१०. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा छात्रछात्राहरूबीचको असमानतालाई कसरी कम गर्न सकिन्छ ?

११. विद्यालयमा लैङ्गिक समानता कायम गर्न के कस्ता समस्याहरू रहेका छन् ?

१२. उक्त समस्याहरूको समाधान कसरी गर्न सकिन्छ ?

१३. विद्यालयमा प्रभावकारी शिक्षण सिकाइको लागि अध्ययनरत विद्यार्थीहरू बिच लैङ्गिक समानता कायम गर्न तपाई आफ्नो भूमिका कसरी प्रस्तुत गर्नुहुन्छ ?

## अनुसूची - २

## अभिभावकहरूलाई सोधिने प्रश्नावली

विद्यालयको नाम :- मिति :-

अभिभावकको नाम :- शैक्षिक योग्यता :-

१. तपाई आफ्नो छोरा र छोरी दुबैलाई कस्तो विद्यालयमा अध्ययन गर्न पठाउनुहुन्छ ?

२. तपाई आफ्नो छोरा र छोरी दुवैलाई कत्तिको नियमित विद्यालय पठाउनुहुन्छ ?

३. विद्यालय देखि बाहेकको समयमा पनि छोरा र छोरी दुवैलाई पठन पाठनको लागि कत्ति समय छुट्याइदिनुहुन्छ ?

४. विद्यालयको शैक्षिक पक्ष लैङ्गिक रूपमा कस्तो रहेको पाउनुभएको छ ?

५. तपाई विद्यालयमा अध्ययनरत आफ्ना छोराछोरीको शिक्षण प्रगति कसरी थाहा पाउनुहुन्छ ?

६. तपाई आफ्ना छोराछोरी दुवैको शिक्षण सिकाई सम्बन्धी समस्या सुन्ने र समाधान कत्तिको गर्ने गर्नुहुन्छ ?

७. छोरा र छोरी दुवैले समान शिक्षा प्राप्त गर्न नसक्नुमा लैङ्गिक विभेदलाई पनि प्रमुख कारक तत्वको रूपमा लिइन्छ । यसमा तपाईको विचार कस्तो छ ?

८. तपाईलाई विद्यालयमा लैङ्गिक विभेदको कारणले विद्यार्थीहरूको शिक्षण सिकाइमा कस्तो प्रभाव पार्छ भन्ने लाग्दछ ?

९. तपाईको विचारमा विद्यालयको शैक्षिक वातावरण लैङ्गिक मैत्री कसरी बनाउन सकिन्छ ?

१०. विद्यालयमा अध्ययनरत बालबालिकामा लैङ्गिक समानता कसरी कायम गर्न सकिन्छ ?

११. विद्यालयमा अध्ययनरत बालबालिकामा लैङ्गिक समानता कायम गर्न के कस्ता समस्याहरू देख्नु भएको छ ?

१२. उक्त समस्याहरूको समाधान कसरी गर्न सकिन्छ ?

१३. विद्यालयमा हुने अभिभावक छलफल, अन्तरक्रियामा तपाईको सहभागिता कस्तो छ ?

## अनुसूची - ३

## वि.व्य.स. अध्यक्ष र सदस्यहरूलाई सोधिने प्रश्नावली

विद्यालयको नाम :- मिति :-

नाम :- शैक्षिक योग्यता :-

पद :-

विद्यालय व्यवस्थापन पक्षसँगको अनुभव-

१. विद्यालयको समग्र शैक्षिक हित र विकासको लागि वि.व्य.स.को उत्तरदायित्व कस्तो रहेको पाउनुहुन्छ ?

२. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया र संरचना कस्तो छ ?

३. वि.व्य.स.को बैठक कसरी बस्ने गरेको छ ?

४. सो बैठकमा अध्ययन अध्यापन क्रियाकलापमा देखिएका समस्याहरूको बारेमा छलफल कसरी गरिन्छ ?

५. प्रभावकारी शिक्षण सिकाइको लागी छात्रछात्राबीचको सम्लग्नता के कस्तो हुनुपर्छ ?

६. विद्यालयमा लैङ्गिक समानता कायम गर्न कुनै पनि संघ सस्था निकायहरूबाट के कस्ता कार्यक्रमहरू लागू गरिएका छन् ?

७. वि.व्य.स. बाट विद्यालयमा लैङ्गिक समानता कायम गर्न पहल गरिएका कार्यक्रमहरू के - के हुन् ?

८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा लैङ्गिक समानता कायम कसरी गर्न सकिन्छ ?

९. विद्यालयमा लैङ्गिक समानत कायम गर्न के - कस्ता समस्याहरू रहेका छन् ?

१०. उक्त समस्याहरूको समाधान कसरी गर्न सकिन्छ ?

११. विद्यालयमा प्रभावकारी शिक्षण सिकाइको लागि अध्ययनरत विद्यार्थीहरूबीच लैङ्गिक समानता कायम गर्न वि.व्य.स.को. भूमिका कस्तो रहेको पाउनुहुन्छ ?

## अनुसूची - ४

## स्रोतव्यक्तिहरूका लागि सोधिने प्रश्नावली

स्रोतव्यक्तिको नाम - मिति :-

स्रोतकेन्द्रको नाम :-

१. तपाई विद्यालय अनुगमन गर्न एक शै.व. मा कतिपटक जानुहुन्छ ?

२. विद्यालयको समग्र शैक्षिक हित र विकासको लागि तपाई आफ्नो उत्तरदायित्व कस्तो रहेको पाउनुहुन्छ ?

३. आजको बढ्दो प्रतिश्पर्धात्मक युगमा सक्षम र दक्ष जनशक्ति उत्पादनको लागि विद्यालयीय शिक्षालाई लैङ्गिक मैत्री पनि बनाउनपर्ने कुरामा तपाईको राय कस्तो छ ?

४. विद्यालयीय शैक्षिक वातावरणलाई लैङ्गिक मैत्री कसरी बनाउन सकिन्छ ?

५. विद्यालयमा प्रभावकारी शिक्षण सिकाईको लागि अध्ययनरत विद्यार्थीहरूमा लैङ्गिक समानताको आवश्यकता कसरी रहेको ठान्नुहुन्छ ?

६. हाल सम्बन्धित निकायहरूबाट विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा लैङ्गिक समानता कायम राख्न के कस्ता कार्यक्रमहरू लागू गरिएका छन् ?

७. विद्यालयका अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्दा अध्ययनरत विद्यार्थीहरूमा लैङ्गिक समानताको स्थिति कस्तो पाउनुहुन्छ ?

८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा लैङ्गिक समानता कायम कसरी गर्न सकिन्छ ?

९. तपाई विद्यार्थीहरूमा लैङ्गिक समानता कायम गर्न के कस्ता समस्याहरू रहेको छन् भन्ने ठान्नुहुन्छ ?

१०. उक्त समस्याहरूको समाधान कसरी गर्न सकिन्छ ?

११. विद्यालयमा प्रभावकारी शिक्षण सिकाइको लागि अध्ययनरत विद्यार्थीहरूबीच लैङ्गिक समानता कायम गर्न तपाई आफ्नो भूमिका कसरी प्रस्तुत गर्नुहुन्छ ?

## अनुसूची - ५

## कक्षा अवलोकन फाराम

विद्यालयको नाम :- मिति :-

विद्यालयको ठेगाााना :-

शिक्षक/शिक्षिकाको नाम :-

कक्षा :-

| क.सं. | कक्षा अवलोकन बुँदा | धेरै राम्रो | राम्रो | सामान्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक सामग्रीको प्रयोग | | | | |
| २ | कक्षा व्यवस्थापन | | | | |
| ३ | प्रेरणाको सिर्जना | | | | |
| ४ | विद्यार्थी सहभागिता | | | | |
| ५ | प्रस्तुतीकरण | | | | |
| ६ | विद्यार्थीहरूको बसाइ व्यवस्था | | | | |
| ७ | शिक्षण सिकाइमा शिक्षक र छात्रा विद्यार्थीबीच अन्तरक्रिया | | | | |
| ८ | शिक्षण सिकाइमा शिक्षक र छात्र विद्यार्थीबीच अन्तरक्रिया | | | | |
| ९ | शिक्षकबाट छात्र विद्यार्थीप्रति गर्ने व्यवहार | | | | |
| १० | शिक्षकबाट छात्रा विद्यार्थीप्रति गर्ने व्यवहार | | | | |
| ११ | शिक्षण सिकाइ क्रियाकलापमा छात्रको अग्रसरता | | | | |
| १२ | शिक्षण सिकाई क्रियाकलापमा छात्राको अग्रसरता | | | | |
| १३ | छात्र र छात्राबीच अन्तरक्रिया | | | | |
| १४ | छात्रा छात्राबीच अन्तरक्रिया | | | | |
| १५ | छात्र छात्रबीच अन्तरक्रिया | | | | |
| १६ | विद्यार्थी उपस्थिति | | | | |